## शान्तिपूर्ण मुलुकमा नेपाल ७६ औं स्थानमा

काठमाडौं । विश्वका सबैभन्दा बढी कम शान्तिपूर्ण मुलुकबारे सूचकांक -जीपीआई) जारी गर्ने संस्था 'इन्स्टिच्युट फर इकोनोमिक्स एन्ड पिस (आईइपी) को पछिल्लो रिपोर्टले शान्तिपूर्ण मुलुकमा नेपाल ७६ औं स्थानमा परेको छ ।

विश्वका सबैभन्दा बढी शान्तिपूर्ण १० मुलुकहरुमा आइस्ल्यान्ड, न्यूजील्यान्ड, पोर्चुगल, अष्ट्रिया, डेनमार्क, क्यानडा, सिंगापुर, स्लोभोनिया, जापान र चेक रिपब्लिकन रहेका छन् । यीमध्ये आइस्ल्यान्ड, **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

## नेपाली भाषामा शपथ

काठमाडौं । भारतीय संविधानको आठौं अनुसूचीमा नेपाली भाषालाई राष्ट्र भाषाको मान्यता दिइएको छ । नेपाली भाषालाई राष्ट्र भाषाको मान्यता दिलाउन तत्कालीन सांसद दिलकुमारी भण्डारीले लोकसभामा आवाज बुलन्द गरेकी थिइन् । सिक्किमका तत्कालीन मुख्यमन्त्री नरबहादुर भण्डारी (हाल स्वर्गीय) ले नेपाली भाषालाई संवैधानिक मान्यता दिलाउन भाषिक आन्दोलनको नेतृत्व गरेका थिए । नेपाली भाषालाई राष्ट्र भाषाको मान्यता दिइए पनि भारत सरकारले भने नेपाली भाषालाई क्षेत्रीय भाषाको रुपमा व्यवहार गर्दै आएको छ । **बाँकी ८ पेजमा**

वर्ष ८ अंक १०, २०७६ साल असार ६ गते शुक्रबार, नेपाल संवत् ११३९ (June 21, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

# अमेरिकी रणनीतिको राडारभित्र नेपाल

काठमाडौं । उत्तरी छिमेकी मुलुक चीन विश्वको दोस्रो ठूलो अर्थतन्त्र बनेर आर्थिक रुपमा अमेरिकालाई चुनौती दिइरहेको छ । चीनलाई घेर्ने अमेरिकी नीतिमा पर्ने सियाटो, जापानसँगको सैन्य सन्धि र प्रशान्त क्षेत्रमा अमेरिकी सातौं जंगी बेडा निष्प्रभावी भएपछि तिब्बत मात्र चीनलाई दबाबमा पार्ने 'सफ्ट बेली' बन्न पुगेको छ । तिब्बत नेपालको सिमानासँग जोडिएकाले नेपाल चीन घेर्ने अमेरिकी रणनीतिको राडारभित्र परेको छ । नब्बेको दशकमा सोभियत संघमा समाजवादको पतन र सोभियत संघको विघटनपछि विश्व एक ध्रुवीय बन्यो र त्यसको नेता अमेरिका भएको छ । सैन्य रुपमा विश्व एकध्रुवीय भए पनि आर्थिक रुपमा बहुध्रुवीय बनेको छ । चीन विश्वकै आर्थिक नेतृत्व गरेर अमेरिकालाई विश्व महाशक्तिको आसनबाट धकेल्ने दिशातर्फ बेल्ट एन्ड रोड एनिसिएटिभ (बीआरआई) लिएर रफ्तार बढाइरहेको छ । चीनको यो महत्वाकांक्षी आर्थिक परियोजनालाई बिथोल्न अमेरिका हात धोएरै लागेको छ। चीनलाई तिब्बत मामिलामा फँसाएर कमजोर पार्ने र बीआरआईलाई असफल बनाउने मास्टर प्लानका साथ अमेरिकाले इन्डो प्यासिफिक रणनीतिलाई अगाडि बढाएको छ ।

हिन्द प्रशान्त रणनीतिलाई तयारी, साझेदारी र सञ्जालयुक्त क्षेत्र निर्माण गर्ने उपाय भनिएको छ । मानवीय सहायता, विपत प्रतिक्रिया, शान्तिको रखबारी, प्रतिरक्षा व्यवसायीकरण, स्थल सेना क्षमता अभिवृद्धि र प्रतिआतंकवादमा केन्द्रित हुने बताइएको छ । यसमा भारतसँग मुख्य प्रतिरक्षा साझेदारी हुनुको साथै श्रीलंका, माल्दिभ्स र बंगलादेशसँग पनि साझेदारी विकास गर्ने सोच राखिएको छ । अझ अमेरिकी प्रतिरक्षा मन्त्रालयको भनाइ मान्ने हो भने स्वतन्त्र खुला र समृद्ध हिन्द प्रशान्त क्षेत्रको विकासमा नेपालको केन्द्रीय भूमिका हुनेछ । पेन्टागनले जुन १ मा सार्वजनिक गरेको हिन्द प्रशान्त (इन्डो-प्यासिफिक) रणनीति सम्बन्धी प्रतिवेदन अनुसार अमेरिकाले सन् २०१९ मा ८६ देशसँग ७९ वटा सैन्य साझेदारी गर्दैछ । यसमा नेपालसहित हिन्द प्रशान्त क्षेत्रका १२ मुलुक छन् ।

हिन्द प्रशान्त क्षेत्रमा चीन विरुद्ध अमेरिका र भारतबीच रणनीतिक




साझेदारी छ । चीन विरोधी अमेरिका भारत समीकरणमा नेपाललाई पनि साझेदारी बनाईंदैछ । पेन्टागनका अनुसार अमेरिकाले ग्लोबल पिस अप्रेसन इनिसिएटिभमार्फत नेपाल, भारत, बंगलादेश, कम्बोडिया, फिजी, इन्डोनेसिया, मलेसिया, मंगोलिया, फिलिपिन्स, थाइल्यान्ड, टोगा र भियतनामसँग सैन्य साझेदारी विस्तार गर्नेछ । प्रतिवेदनमा अमेरिकाले नेपाल र श्रीलंकालाई उसको हिन्द प्रशान्त रणनीतिका नयाँ साझेदार सदस्य भनेको छ । यसले अमेरिकी गठबन्धनमा नेपाल सामिल भएको बताउँछ । तर परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले तीन साताअघि पत्रकार सम्मेलन गर्दै नेपाल अमेरिकाको रणनीतिक नभएको जिकिर गरेका छन् । ज्ञवाली गत ३ पुसमा अमेरिका पुगेदेखि नै नेपाललाई इन्डो प्यासिफिक साझेदार भन्दै आएका छ अमेरिकाले । अमेरिकी विदेश मन्त्रालयका सहायक प्रवक्ता रोबर्ट पलाडिनीले भनेका थिए- स्वतन्त्र खुला र सम्पन्न इन्डोप्यासिफिक क्षेत्रमा नेपालको केन्द्रीय भूमिका रहन्छ । अमेरिकी प्रिन्सिपल डेपुटी सहायक मन्त्री एलिसजी वेल्सको भनाइ थियो- (इन्डो प्यासिफिक क्षेत्रमा नेपालको विशिष्ट स्थान छ ।'

१ जुनमा सार्वजनिक अमेरिकी हिन्द प्रशान्त रणनीति नेपालसँग अमेरिका पिसकिङ अपरेशन, रक्षा व्यवसायीकरण, स्थलफोर्सको क्षमता अभिवृद्धि, प्रकोप व्यवस्थापन र प्रतिआतंकवादका सन्दर्भमा रक्षा सम्बन्ध विस्तार गर्न चाहन्छ । नेपालसँग सन् २०१८ मा युएस आर्मी इन्डो प्यासिफिक क्षेत्रका वरिष्ठतम सैन्य अधिकारीको संवाद स्थापना भएको छ । नेपालसँग थप रक्षा सम्बन्ध विस्तारका लागि यस वर्ष युएस इन्डो प्यासिफिक कमान्डका कमान्डर तथा उपसहायक मन्त्री तहको भ्रमण हुनेछ ।

दक्षिण एसियामा भारतसँग रक्षा साझेदारी गर्ने काम गरिरहेका छौं । श्रीलंका, माल्दिभ्स, बंगलादेश र नेपालसँग रक्षा साझेदारी बढाउँदैछौं । आतंकवाद, सीमापार अपराध, अवैध ड्रग्स कारोबार जस्ता चुनौती सामना गर्न अमेरिकाले, भारत, श्रीलंका, माल्दिभ्स, बंगलादेश र नेपालसँग साझेदारी विस्तारको अवसर खोज्नेछ र क्षेत्रीय चुनौतीको सम्बोधन गर्नेछ ।

नेपालले चीनले अघि सारेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) मा हस्ताक्षर गरिसकेको अवस्थामा अमेरिकाले बीआरआईलाई टक्कर दिन अघि सारिएको इन्डो प्यासिफिक रणनीतिमा नेपाललाई आकर्षित गर्ने प्रयास गरिरहेको छ । बीआरआई चीनले अघि सारेको विश्वस्तरीय विकास रणनीति हो, जसमा पूर्वाधार, विकास र लगानीको विषयलाई समावेश गरिएको छ । नेपालले बीआरआईमा हस्ताक्षर गरेसँगै पूर्वाधार विकास र लगानीमा चिनियाा सहयोग भित्रिने अपेक्षा गरिएको छ । अमेरिकाले भने बीआरआई मार्फत चीनले ऋणको पासोमा पार्ने दाबी गर्दै आए पनि चीनले त्यसको खण्डन गर्दै आएको छ । प्राचीन रेशमी मार्गलाई ब्युताउँदै चीनले विश्वलाई सडक, जल र रेलमार्गमार्फत जोड्न बीआरआई बृहत परियोजना चिनियाँ राष्ट्रपति सिजिन पिङले अघि सारेका हुन् । इन्डो प्यासिफिक रणनीति अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनलाई चुनौती दिन अघि सारेको रणनीति हो । अमेरिका, जापान, भारत, अष्ट्रेलिया लगायतका मुलुकको **बाँकी ८ पेजमा**

## मालेको गम्भीर ध्यानाकर्षण

'गुठी सम्बन्धी कानुनलाई एकिकरण र संशोधन गर्न बनेको विधेयक २०७५' का केही प्रावधानहरूप्रति नेकपा मालेले एक विज्ञप्ति प्रकाशित गरी गम्भीर आपत्ति प्रकट गरेको छ साथै शान्तिपूर्ण आन्दोलनमाथि भएको प्रहरी दमनप्रति निन्दा प्रकट गरेको छ । पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-

*भूमाफिया र पश्चिमा स्वार्थमा ल्याइएको*
*गुठीसम्बन्धी विधेयक फिर्ता गर !*
*शान्तिपूर्ण तथा लोकतान्त्रिक विरोध*
*प्रदर्शनमाथिको बर्बर दमन बन्द गर !!*

नेपाल सरकारले संघीय ससदमा पेश गरेको 'गुठी सम्बन्धी कानुनलाई एकिकरण र संशोधन गर्न बनेको विधेयक २०७५' का केही प्रावधानहरूप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।

१. विधेयकको २३ नम्बरको प्रावधानद्वारा गुठीको हक र दायित्व प्राधिकरणमा सार्ने र २४ नम्बरको प्रावधानद्वारा गुठीयारको अधिकार स्वतः समाप्त हुने व्यवस्था गरिएको छ । पहिलो कुरा, बालुवाटार लगायतका सरकारी जग्गा भूमाफीया र कर्मचारीको मिलीमतोमा व्यक्तिको हातमा समेत गईरहेको सन्दर्भमा केही अव्यवस्थित रहेका गुठीका जग्गाको ब्यवस्थापनमा सुधार गर्नुको सट्टा तिनमाथि गुठीयारको अधिकार **बाँकी ८ पेजमा**

## वैदेशिक रोजगार कि मृत्युको व्यापार

काठमाडौं । नेपाली युवालाई थ्रिडीको काममा विदेशमा पठाएर युवाले पठाएको रेमिट्यान्सबाट मुलुक धान्ने यहाँका शासकहरु हजारौं युवाले विदेशी भूमिमा ज्यान गुमाउँदा पनि संवेदनशील बन्न सकेका छैनन् । मुलुकमा राजनीतिक परिवर्तन हुँदै गणतन्त्र आएको पनि डेढ दशक हुन लाग्यो । तर शासकको युवा निर्यात गरेर मुलुक चलाउने नीतिमा परिवर्तन आउन सकेन ।

पछिल्लो एक दशकको समयावधिमा ७ हजार तीन सय चार जना युवाले वैदेशिक रोजगारीको क्रममा ज्यान गएको छ । वैदेशिक रोजगार बोर्डका अनुसार अपर्याप्त आराम, न्यून पारिश्रमिक, स्वास्थ्यमा लापर्बाही, पारिवारिक झमेला जस्ता विषय युवा मृत्युको कारण बन्ने गरेका छन् । डा. निरञ्जन क्षेत्रीका अनुसार अरबी मुलुकको अत्यधिक गर्मीका कारण शरीरमा पानीको कमी भएर मृगौला फेल हुने, निदाएकै अवस्थामा हृदयघात हुने र मदिरा सेवन जस्ता कुरा पनि नेपाली युवाको मृत्युको कारण बन्ने गरेको छ । मृत्यु हुने युवाको संख्यामा १६८ जना महिला पनि रहेका छन् । अन्तर्राष्ट्रिय विमानस्थलमा अचेल दैनिक दुई तीन जना युवाको शव विदेशदेखि आउने गरेको छ । **बाँकी ८ पेजमा**

## गुठी विधेयक विरूद्ध मानव सागर

काठमाडौं । तीव्र जनदबाबपछि सरकारले गुठी विधेयक फिर्ता लिने निर्णय गरे पनि बुधबार माइतीघर मण्डलमा आयोजित पूर्वनिर्धारित विरोध सभामा हजारौं जनसागर उर्लिएको थियो । काठमाडौं, पाटन, भक्तपुर, खोकना, हाँडीगाउँ, बनेपासहित उपत्यकाका विभिन्न ठाउँबाट आएका जनताले गुठीका मामिलामा झुक्याउने काम नगर्न सरकारलाई खबरदारी गरेका छन् ।

गुठी विधेयकको वर्तमान मस्यौदा नै खारेज गरी सरोकारवालाहरूसँग परामर्श गरेर नयाँ शिराबाट विधेयक लेख्नुपर्ने उनीहरूको माग छ।

आन्दोलनको आगामी स्वरूप र कार्यक्रम तय गर्न काठमाडौं उपत्यकाका विभिन्न गुठियारहरूबीच छलफल चलिरहेको संघर्ष समितिका संयोजक गणपतिलाल श्रेष्ठले बताएका छन् । सामुदायिक गुठीलाई सोझै राज्यको स्वामित्वमा लैजाने र त्यस मातहत रहेका जग्गा-जमिन भू-माफियालाई पोस्ने गरी यो विधेयक ल्याइएको छ । प्रस्तावित विधेयक हुबहु पारित भएको भए काठमाडौंमा **बाँकी ८ पेजमा**

## अत्यासलाग्दो व्यापार घाटा

काठमाडौं । मुलुकको व्यापार घाटा चरम रूपले बढेको छ । नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्षको १० महिनाको मुलुकको आर्थिक अवस्था सार्वजनिक गर्दै मुलुकको व्यापार घाटा चुलिएको जनाएको हो ।

यो अवधिमा कुल वस्तु व्यापार घाटा १९ दशमलव ७ प्रतिशतले विस्तार भएको छ । राष्ट्र बैंकका अनुसार यस अवधिमा व्यापार घाटा १० खर्ब ९९ अर्ब ६० करोड पुगेको हो । निर्यात-आयात अनुपात ६ दशमलव ७ प्रतिशत कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा सो अनुपात ६ दशमलव ८ प्रतिशत रहेको थियो । यस अवस्थामा कुल वस्तु आयात १९ दशमलव ६ प्रतिशतले बढेर ११ खर्ब ७८ अर्ब १४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २१ दशमलव ८ प्रतिशतले बढेको थियो ।

राष्ट्र बैंकका अनुसार भारतबाट भएको आयात १७ दशमलव २ प्रतिशत, चीनबाट ३३ प्रतिशत र अन्य मुलुकबाट १८ दशमलव ८ प्रतिशतले बढेको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, तयारी पोसाक, हवाइजहाज तथा पार्टपुर्जा, एमएस बिलेट, अन्य मेसिनरी तथा पार्टपुर्जालगायतका वस्तुको आयात बढेको छ भने सिमेन्ट, दूरसञ्चारका उपकरण तथा पार्टपुर्जा, यातायातका साधन तथा पार्टपुर्जा, कच्चा भटमासको तेल, स्वास्थ्य उपकरण तथा औजारलगायतका वस्तुको आयात घटेको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ। त्यसैगरी, यस अवधिमा चालू खाता घाटा २२१ अर्ब ४० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १९२ अर्ब ५ करोड रहेको थियो । त्यस्तै, शोधनान्तर घाटा ६८ अर्ब २० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर घाटा १८ अर्ब ९३ करोडले घाटामा रहेको थियो । कुल विदेशी विनियम सञ्चिति गत असार मसान्तमा ११०२ अर्ब ५९ करोड रहेकोमा १० महिनामा आइपुग्दा १०६० अर्ब ७० करोड कायम भएको छ ।

राष्ट्र बैंकको तथ्यांक अनुसार कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा ९८९ अर्ब ४० करोड रहेकोमा १० महिनामा ९१५ अर्ब ३९ करोड रहेको छ । बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति गत असारमा ११३ अर्ब १९ करोड रहेकोमा १० महिनामा १४५ अर्ब ३१ करोड पुगेको छ। यस अवधिमा कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३ दशमलव ६ प्रतिशत रहेको देखिएको छ ।

चालू आर्थिक वर्षको १० महिनामा विप्रेषण आप्रवाह १९ दशमलव ६ प्रतिशतले वृद्धि भई ७२५ अर्ब ३० करोड पुगेको छ । **बाँकी ८ पेजमा**

## मूल्यवृद्धि ५.३ प्रतिशत

काठमाडौं । खाद्य तथा पेय पदार्थको भाउ अकासिएको छ। नेपाल राष्ट्र बैंकको १० महिनाको तथ्यांकले उपभोग्य वस्तुको मूल्य वृद्धि उच्च देखाएको हो। यस अवधिमा समग्र उपभोक्ता मूल्य वृद्धि ५.३ प्रतिशत पुगेको छ। गत वर्ष दश महिनामा उपभोक्ता मूल्य वृद्धि ४.१ प्रतिशत थियो। समग्र मूल्य वृद्धि १.२ बिन्दु प्रतिशतले बढ्दा खाद्य तथा पेय पदार्थको मूल्य भने १.५ बिन्दु प्रतिशतले बढेको हो।

वैशाख महिनासम्ममा खाद्य तथा पेय पदार्थको मूल्य वृद्धिदर ४.७ प्रतिशत पुगेको छ। अघिल्लो आवको सोही अवधिको तुलनामा यस्तो मूल्य वृद्धिदर १.५ बिन्दु प्रतिशतले बढी हो। गत वर्षको दश महिनामा खाद्य तथा पेय पदार्थको मूल्य वृद्धि ३.२ प्रतिशत थियो। राष्ट्र बैंककाअनुसार खाद्यान्नको मूल्य वृद्धि ५.५ प्रतिशत र तरकारीको ६.३ प्रतिशत रहेको छ। त्यस्तै, माछामासुको मूल्य वृद्धि ४.७ प्रतिशत र तथा घ्यु-तेलको मूल्य वृद्धि ८.२ प्रतिशत रहेको छ।

**सन्दर्भ सन्दर्भ**

## रणबहादुर शाहका पालामा पनि गुठीहरण र आन्दोलन

सरकारले संसद्मा दर्ता गराएको गुठी विधेयकलाई कतिपय व्यक्तिहरूले रणबहादुर शाहको नीतिसँग तुलना गर्न थालेका छन् । धेरैजसो नेपाली इतिहासकारले 'बहुलट्टी र सन्की' राजाका रूपमा प्रस्तुत गरेका रणबहादुर शाहका पालामा भएको गुठी र बिर्ता हरणको सम्झना गर्दै धेरैले अहिलेको गुठी विधेयकलाई त्यससँग तुलना गरेका हुन् ।

१८६२ सालमा भएको बिर्ता र गुठी हरणमा रणबहादुरको वा भीमसेन थापा कसको हात धेरै थियो भन्नेमा इतिहासकारबीच मतभेद पाइन्छ । गुठी विधेयकको विवाद अहिले बाहिर आएपछि धेरैले नेपालको इतिहासमा 'बासट्टीहरण'का रूपमा चिनिने उक्त घटनालाई स्मरण गरिरहेका छन् । त्यसकै उदाहरण दिँदै कतिपयले त अहिलेको केपी शर्मा ओली नेतृत्वको कम्युनिस्ट सरकारलाई 'रणबहादुरको



अर्को रूप' का रूपमासमेत चित्रित गर्न थालेका छन् ।

रणबहादुर शाहलाई नेपालको इतिहासमा सबैभन्दा बढी विवादित राजाहरूमध्ये एकका रूपमा लिने गरिन्छ । पृथ्वीनारायण शाहका नाति उनी पिता प्रतापसिंह शाहको मृत्यु भएपछि अढाई वर्षको हुँदा नहुँदै राजगद्दीमा बस्न पुगेका थिए । १८३२ सालमा जन्मिएका उनले गद्दीमा बसेको करिब-करिब १८ वर्षपछि मात्र शासनसत्ता आफ्नो हातमा लिएको इतिहासकारहरूले लेखेका छन् ।

इतिहासकार बाबुराम आचार्यले विभिन्न पुस्तकमा लेखेअनुसार रणबहादुर शाहले १८५१ वैशाखमा नयाँ भारदारी सभा गठन गरेर शासनसत्ता आफ्नो हातमा लिएका थिए । त्यसअघि उनकी आमा राजेन्द्रलक्ष्मी र काका बहादुर शाहले नायवी शासन चलाएका थिए । त्यसबीच उनले तत्कालीन परम्पराविपरीत गएर एकजना मिश्र थरकी ब्राह्मण विधवा महिला कान्तिवतीसँग विवाह गरे र उनैबाट जन्मिएका पुत्र गिर्वाण युद्धविक्रमलाई युवराज घोषणा गरे ।

त्यसले दरबारियाबीच विभिन्न मतभेद उत्पन्न गराएको इतिहासकार हरूले लेखेका छन् । रणबहादुरले अन्ततः १८५५ सालमा आफ्ना १७ महिनाका छोरालाई राजगद्दी सुम्पेर सन्यास लिएर कान्तिवतीसहित बनारस जाने निर्णय गरेका थिए । तर, त्यसको पाँच वर्षपछि १८६० सालमा भीमसेन थापासहित बनारसबाट नेपाल फर्किएर उनले शासनसत्ता आफ्नो हातमा लिने कोसिस गरेको इतिहासकारहरूले लेखेका छन् । त्यसक्रममा मूलकाजी दामोदर पाँडेलगायतका मानिसहरूलाई सुरुमा कैद गरेर पछि हत्या गरिएको थियो ।

त्यसपछि नै नेपालको सत्तामा शक्तिशाली व्यक्तिका रूपमा भीमसेन थापाको उदय भएको हो । नेपाल आएपछि रणबहादुरले आफ्नै छोराबाट मुख्तियारी अर्थात् राजप्रतिनिधिको उपाधि लिए। र, अहिले विभिन्न व्यक्तिहरूले गुठी विधेयकसँग तुलना गरेको गुठी र बिर्ताको हरण उनले आफू राजा भएका बखत नभएर छोराबाट मुख्तियारी लिएका बखतमा गरेका थिए ।

त्यसवेला सैन्य सेवाको उच्च तहमा रहेका व्यक्ति, भीमसेन थापाका आफन्त, थापा खलक, अन्य केही प्रभावशाली **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा.द्वारिकानाथ ढुंगेल
प्रा.डा.चन्द्रबहादुर जोशी

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

# के हो Outer Parliamentary Opposition भनेको ?

**सुरेन्द्र ढकाल**



Outer Parliamentary Opposition (OPO) भनेको सरकारको विरोध संसदबाट नभई सडकबाट जनताले निर्वाह गर्ने प्रतिपक्षको भूमिका हो । जब संसदमा प्रचण्ड बहुमत सत्तारुढ दलको हुन्छ अनि त्यसैको कारण संसदीय प्रतिपक्ष सरकारलाई दबाब दिन काविल हुँदैन, जनता सडकमा ओर्लन्छन् र सरकारलाई घुँडा टेकाउँछन् । विश्वको इतिहासमा OPO का सफल उदाहरणहरु विभिन्न बेलामा विभिन्न देशहरुमा कायम भएको पढन पाइन्छ जुन निम्नानुसार छन् :

१) ओपिओको पहिलो उदाहरण जर्मन इतिहासमा पढन पाइन्छ । सन १९६६ देखि ६९ सम्म जर्मनका दुई ठूला दल सोसल डेमोक्राटिक पार्टी र क्रिश्चियन डेमोक्रेटिक युनियनले संयुक्त सरकार बनाएका थिए जस्लाई तत्कालिन संसदको ९५ प्रतिशत बहुमत थियो । यही प्रचण्ड बहुमतको सरकारले जर्मन इमरजेन्सी एक्ट नामक विधेयक संसदमा पेश गरेपछि त्यहाँ विद्यार्थी आन्दोलन भडकेको थियो । संकटकालको नाममा त्यो एक्ट कानुन बन्दा संविधान प्रदत्त बोल्न र लेख्न पाइने वाक तथा प्रकाशन स्वतन्त्रता कुण्ठित हुन जाने कारणले गर्दा विद्यार्थीहरु ठूलो संख्यामा सडकमा उत्रेका थिए ।

यो संसद बाहिरको जनदबाबको कारण एकातिर एक्ट त सरकारले फिर्ता त लिनै पर्‍यो भने अर्कोतर्फ यस्तो किसिमको बहुमतीय सरकार प्रजातन्त्र विरोधी हुन सक्दो रहेछ भनेर जर्मन जनताले राम्ररी बुझे । त्यस्तै गरी इटलीको लोत्ता कन्तिनुआ (संघर्ष जारी छ) भन्ने अभियान पनि ओपिओ नै थियो । सन १९६९मा इटलीमा भएको यो ओपिओ काम गर्दै पढने (स्टुडेन्ट वर्कर) हरुले शुरु गरेका थिए । यस अनुसार विद्यार्थीहरुले विश्वविद्यालय र कारखानाभित्र सैनिक क्रियाकलाप संचालन गरेका थिए । पछि १९७६ मा इटालियन सरकारले यो अभियानलाई गैरकानुनी घोषित गरी बन्द गराएको थियो । यस्तो संसद बाहिरबाट गरिने संघर्षको अभियान सन १९०४ देखि १६ सम्म अर्जेन्टिनामा भएको थियो । सरकारले ल्याउन लागेको गोप्य मतदानको कानुनको कारण अर्जेन्टिनी जनताहरु सडकमा उत्रन बाध्य भएका थिए ।

नेपालमा पनि पछिल्ला दिनहरुमा यस्ता ओपिओहरु देखिन थालेका छन् । दुईतिहाईको सरकारले ल्याएको नागरिकता विधेयक, मिडिया काउन्सिल विधेयक, गुठी प्राधिकरण विधेयक, मानव अधिकार आयोग विधेयकले जब जनमानसमा आतंक फैलायो तब जनताहरु सडकमा उत्रन बाध्य भए । हुन त संसदमा पनि सत्तारुढका केही र प्रतिपक्षका सबैले यी विधेयकहरुको विरोध नगरेका होइनन् । तर जब सरकारको रबैया पछिल्ला दिनहरुमा विपक्षीलाई पेलेरै लैजाने किसिमको देखियो जनताहरु भडकिए ।

हिजोसम्म दुईतिहाई बहुमतको उन्मत्त सरकारले विधेयकको ठूलाठूला स्वरले पक्षपोषण गर्दै थियो । एक्कासी आम गैरससंदीय जनविरोधको कारण विधेयक फिर्ता लिन बाध्य भएको छ । बहुमतको सरकारको तानाशाही प्रवृत्तिको कारण जबजब संसद निरीह बन्छ आम जनता सडकमा ओर्लन्छन अनि ओपिओ क्रियाशील हुन्छ । नेपालमा पछिल्ला दिनहरुमा सरकारले प्रस्तुत गरेको विधेयकको विरुद्ध जसरी जनता सडकमा ओर्ले त्यसले ओली सरकारको हिटलरी शैलीको मुकुण्डो उतारी दिएको छ । अबका दिनमा सरकारले मिडिया काउन्सिल विधेयकलगायत सबै अलोकतान्त्रिक विधेयकहरु फिर्ता नलिई सुखै छैन । त्यसै गरी वाइडवडी, एनसेल प्रकरण, निर्मला बलात्कार तथा हत्या काण्ड, ३३ किलो सुन काण्डको पटापक्षको लागि पनि ओपिओ आवश्यक भइसकेको छ ।

सामान्यतया संसदीय व्यवस्थामा सरकारले प्रस्तुत गरेको विधेयक फेल खानु वा फिर्ता लिनुपर्ने अवस्था आउँदा प्रधानमन्त्रीले राजीनामा गर्नुपर्ने हुन्छ । भर्खरै बेलायतकी प्रधानमन्त्रीले राजीनामा गरेको उदाहरण ताजै छ । नेपालमा पनि प्रधानमन्त्री ओलीले जनताको मतको कदर गर्दै राजीनामा नगरे सडकबाटै जनताले सरकारलाई विस्थापित नगर्लान् भन्न सकिन्न । यस अर्थमा Outer Parliamentary Oppositon संसदभित्रबाट गरिने विरोधभन्दा धेरै गुणा शक्तिशाली हुँदो रहेछ भनेर नेपालमा पनि उदाहरण बनाउनपर्छ ।

## सम्पादकीय

# आत्मनिर्भरताको पाटो


चुलिएको व्यापारघाटा कम गर्न सरकार विलासी वस्तु आयातमा कडाइ गर्दैछ भन्ने समाचार सार्वजनिक भएको छ । व्यापारघाटा वृद्धिले सबै खाले स्रोतबाट नेपाल भित्रिएको पैसा एकमुष्ठ बनाएर विदेश पठाउने काम मात्रै भएको छ भने नेपालमा पैसा अडिन छोडिसकेको छ । वैदेशिक रोजगारबाट भित्रिएको रेमिटेन्स, पर्यटन क्षेत्रबाट प्राप्त विदेशी मुद्रा पेट्रोलियम पदार्थ, मोटरगाडी, पार्टपुर्जा खरिद र अन्य विलासिताका वस्तु खरिदमा सकिने गरेको छ । हाम्रो देशका योजनाविद, अर्थशास्त्रीहरू व्यावहारिकभन्दा घोकन्ते र राजनीतिक दलका झोले भएका कारण मुलकलाई आर्थिक रूपले समृद्ध बनाउने सूत्र प्रस्तुत गर्न सधैं असफल बन्दै आए । विदेशी कलेजका ठूला डिग्रीधारीहरू आफ्नो मुलुकको हितमा भन्दा आफूले पढेको मुलुकको हित हुने गरी नेपालमा अर्थशास्त्रको सूत्र लागू गर्न थाले । त्यसैले हाम्रो अर्थतन्त्र आत्मनिर्भरतातर्फ भन्दा पनि दिनप्रतिदिन परनिर्भर बन्दै गयो र व्यापार घाटाको पारो ह्वात्तै बढ्यो । अहिले मुलुकले थाम्नै नसक्ने अवस्था आएपछि सरकारको ध्यान व्यापारघाटा कम गराउने उपायतर्फ मोडिएको छ । पक्कै पनि यो राम्रो विषय हो ।

अर्थमन्त्री डा.युवराज खतिवडाले बढ्दो व्यापारघाटा न्यूनीकरणको प्रयासस्वरूप महँगा सवारी साधन, टेलिभिजन, मोबाइल, सुन चाँदी, हिरा र कृषि उत्पादनको आयातमा कडाइ गर्ने भएको छ । त्यसैगरी विदेशबाट आउने विलासी फर्निचर, बच्चाका महँगा खेलौना, पानी, जुस, माछा, मासु, स्वदेशमै उत्पादन हुने तरकारी लगायतको आयातमा भन्सार वृद्धि गरी नियन्त्रणको प्रयास थाल्ने भएको छ । सरकारले आयात प्रतिस्थापन गर्नका लागि मुलुकभित्र उत्पादनमा जोड दिनुपर्ने हुन्छ ।

पञ्चायतकालमा एकसरो भए पनि सबै क्षेत्रका उद्योगधन्दाको विकास भएको थियो । चिया, चुरोट, चिनी, कपडा, जुत्ता, धागो, ईंटा, औषधि, सिमेन्ट, कृषि सामग्री, जुट प्रशोधन, खाद्य उद्योग, डेरी, यातायात जस्ता उद्योग व्यवसायमा सरकारको प्रत्यक्ष सहभागिता थियो । यसले एकातिर बजारको मूल्य नियन्त्रणमा योगदान पुर्‍याएको थियो भने अर्कातिर अर्थतन्त्रलाई आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापनमा समेत योगदान पुर्‍याएको थियो । २०४६ को परिवर्तनपछि लामो समयसम्म सत्ता बाहिर भएका बहुदलवादीहरू भोको बाघ जस्तो भएर सत्तारोहण गर्ने बित्तिकै भएका उद्योगधन्दा, कलकारखानामाथि जाइ लागे । उद्योगधन्दा कमिसनको आडमा बेचबिखन गरेर नेताहरूले करोडौं कुम्ल्याए । केही स्वार्थी तत्व यसबाट मोटाए पनि मुलुकको लागि दीर्घकालीन नोक्सानी पुग्यो ।

आत्मनिर्भर अर्थतन्त्र बनाउनुपर्नेमा मुलुकलाई परनिर्भरताको बाटोमा लगियो । लाखौं मजदुरले काम गर्ने गलैंचा, गार्मेन्ट उद्योगमा ताला लगाएर मजदुरलाई श्रमविहीन बनाइयो । नेपालबाट चामल निर्यात हुन्थ्यो भन्ने कोदो, मकै जस्ता नेपालका रैथाने खाद्यान्न समेत आयात गर्ने अवस्थामा मुलुकलाई पुर्‍याइयो । नेपालमा श्रम गरेर बालीनाली भित्र्याउने, उद्योग व्यवसाय सञ्चालन गर्ने ६० लाखभन्दा बढी युवालाई विदेश निर्यात गरेर सरकारले स्वदेशी भूमिलाई बँझ्याउने काम गर्दै आएको छ । मुलुकमा उत्पादन गर्ने अवस्था नै नभएपछि कसरी परनिर्भरता हट्छ ? सरकारले आयातमा कडाइ गरेर मात्र आत्मनिर्भरता बढ्दैन उत्पादन र स्वदेशी वस्तु प्रयोगमा जोड दिनुपर्छ । पहिला बिक्री गरेका कलकारखाना फिर्ता लिएर नमुना उद्योगका रूपमा सरकारले आफैं सञ्चालन गर्ने हिम्मत गर्नुपर्छ । नविन्द्रराज जोशीले औषधि उद्योग पुनः सञ्चालनमा ल्याएर राम्रो सन्देश दिएका थिए । अब सरकारले साँच्चै आत्मनिर्भर बन्ने हो भने सुरूवात आफैंबाट गर्न जरूरी छ ।

# हाम्रो मानक शिक्षा नीति खोई (२)



**जगदीश लामिछाने**
रौतहट, पौराई

योगी नरहरिनाथले 'शिक्षा सुधारे सकलो सुधार' भन्नुहुन्थ्यो अर्थात् शिक्षा सुधारे सव सुधिइन्छ भन्नुभएकै हो । अहिले रविन्द्र मिश्रले २०७६ असार १ गते अन्नपूर्ण पोस्टमा यसै उद्देश्यले होला ५०० बूढानीलकण्ठ शैलीका आवासीय विद्यालय देशैंभरि खोलौं भन्नुभएको छ । शिक्षित जनशक्ति विदेश पलायनको डर उहाँलाई पनि रहेछ । राष्ट्रले लगानी गरेको अनिवार्य तथा निःशुल्क शिक्षालय माध्यमिकैमा पनि केही अंकुश लगाई राष्ट्रले तोकेको काम नगरे आवश्यक सोध भर्ना तिर्ने बन्दोबस्त गर्दा पाप लाग्दैन । राष्ट्रले तोकेको न्यूनतम शुल्कमा निजी विद्यालयहरुले पनि पढाउन पाउने बाटो पनि छेकिएको छैन । शर्त केवल माध्यमिकहरुले कक्षा १२ सम्म पढाउनैपर्ने र नसके प्राथमिक मात्र नियमानुसार पढाउने नै हो । उत्पादित जनशक्ति शिक्षा अधिकारीहरुले मूल्यांकन गर्दै गर्नुपर्छ । यसरी निजीलाई पनि मौका दिनु राम्रै हुन्छ । त्यसैले माध्यमिक तथा प्राथमिक विद्यालयबाट उत्पादित जनशक्ति कस्ता हुँदा रहेछन् त्यो हेर्न स्थानीय तहलाई मानक शिक्षा नीतिसहित चनाखो राष्ट्र शिक्षा आयोगले माध्यमिकसम्मको यथार्थ र पछि कत्ति फरक नपर्ने गरी उच्च शिक्षा पनि मूल्यांकन गरिरहनुपर्छ । परीक्षाबाट मात्र होइन, सामायिक मूल्यांकन पनि गर्नैपर्छ । अनि मात्र योग्य जनशक्ति उत्पादनको प्रक्रिया आफैं बस्दै जान्छ । यसै शीर्षकको पहिलो यो लखकको रचना पहिलो २०७६-२-१० मा यसैमा छापिएकै छ ।

**केही शीर्षकहरू**

१. स्वदेशको गौरव

२. जननी सम्मान तथा अनुशासन आधारमा नारीमा विवेकपूर्णता

३. नेपाली राष्ट्र भाषाको सवलीकरण, अध्ययन र स्थानीय भाषा

४. आधुनिक विज्ञानहरु

५. अनिवार्य साधारण संस्कृत भाषा अध्ययन

६. प्रजातन्त्र र न्यायको महानता

७. विभेदरहित मानवता

८. आफ्ना बसमा नभएको अवस्था बाहेक तोकिएको क्षेत्रमा काम गर्नैपर्ने र सो नगरे शिक्षा क्षतिपूर्ति न्यूनतम भराउने विद्यार्थीहरुबाट

९. नेपाली संस्कृति

१०. धार्मिक तथा सांस्कृतिक समन्वय

११. अरु शिक्षा विशेषज्ञले तोकेका विषयहरु

यी सबै कुराको अत्यावश्यक नीति भए पनि शिक्षा पेसा मर्यादित र जिम्मेवारीपूर्ण भएन भने वर्तमान कालजस्तै बहुराष्ट्रिय शिक्षा परेड अथवा शैक्षिक जनशक्ति निर्यात यो देशले सामना गरिरहनुपर्नेछ । यसैले पुग्दो र मर्यादित शिक्षा पेसा गराउन राष्ट्रले चुक्नु हुँदैन । यसको पहिलो शर्त शिक्षक तथा विद्यार्थीलाई दलगत झैझगडामा समन्वय गर्न दिनै हुन्न । शिक्षक तथा विद्यार्थीले आफ्नो पढाइ छोडी हिँड्न नपाउने कडा नियम र मर्यादित तलब शिक्षकहरुलाई दिन गाह्रो मान्नै हुँदैन । अनि मात्र देशमा अनुशासन र उन्नति दुवै एकैसाथ प्रगतिमा जाँदै रहेको हुन्छ । यसको साथै कम्तीमा पनि प्रत्येक स्थानीय तहले आवश्यकता र क्षमता हेरी छात्रावाससहितको निःशुल्क एक वा अनेक नमुना विद्यालय राखी मार्गदर्शन गरिरहनुपर्छ । विशेषतः त्यस्ता स्थानमा लुकिछिपी पस्ने लागूपदार्थ आदि कुलत राम्ररी नियन्त्रण गरिरहनुपर्छ । त्यस्तो जोखिम निजीतर्फ बढी हुन्छ । प्रशासन तथा प्रहरी आदि सदैव चनाखो बनिरहनुपर्छ ।

**Greaternepal2012@gmail.com**

# ओलीलाई राष्ट्रवादी देख्नु दृष्टि भ्रम मात्र

*सम्पादकज्यू,*

ग्रेटर नेपाल साप्ताहिकको अंक ९ जेठ ३१ गते प्रकाशित 'ग्रेटर नेपालबारे बोलेनन् ओली' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो । प्रधानमन्त्री केपी ओली ब्रिटेन भ्रमणमा गएर पनि नेपालको सीमाका बारेमा त्यहाँ कुनै शब्द उच्चारण नगरेको समाचार सम्प्रेषित गर्नु भएको रहेछ । ओली मात्र होइनन्, नेपालका कुनै पनि नेता ग्रेटर नेपालबारे बोल्न चाहँदैनन् । तत्कालीन एमाले महासचिव मदन भण्डारी ग्रेटर नेपालका पक्षपाती थिए । राष्ट्रवादी यी नेताको दासढुंगामा रहस्यमय जीप दुर्घटनामा निधन भएपछि एमालेमा ग्रेटर नेपालको विषयले कहिल्यै प्रवेश पाएन । मदनको हत्या भएको थियो वा दुर्घटना भन्ने विषय अहिलेसम्म बहसमै छ । सरकारले यसबारेमा जनतालाई स्पष्ट पारेको छैन । मदनकै अर्धांगिनी विद्या देशकै राष्ट्रपति छन् । बहुदलीय जनवादका हिमायती अनि आफूलाई मदनकै उत्तराधिकारी ठान्ने केपी ओली प्रधानमन्त्री छन् । तर दासढुंगा हत्याकाण्डबारे यी दुई बोल्न चाहँदैनन् । दासढुंगा हत्या हो भन्ने प्रतिवेदन तयार गर्ने ओलीको मौनता रहस्यमय छ ।

भारतीय नाकाबन्दीका बेला चीनसँग पारवहन सम्झौता गरेर राष्ट्रवादीको पगरी गुथेका हुन् ओलीले । महाकाली सन्धिमा उनले खेलेको भूमिकाले उनलाई



भारतपरस्तको बिल्ला पहिराइदिएको थियो । ग्रेटर नेपालको विषय त परै जाओस्, कालापानी, लिपुलेक, सुस्ता अतिक्रमणमा समेत ओली चुपचापै छन् । भारत रिसाउने डरले उनी बोल्न चाहँदैनन् । भारतले मेचीदेखि महाकालीसम्मै सीमा अतिक्रमण गरेको छ । अन्तर्राष्ट्रिय कानुन एवं मान्यता विपरीत दशगजा मिचेर पर्खाल लगाइरहेको छ, सडक बनाइरहेको छ । तराई डुबाउने गरी बाँध कसिरहेको छ । तर नेपाल सरकारका नजरमा यी विषय पर्दैनन् । अंगिकृत नागरिकका सन्तानलाई वंशजको नागरिकता दिने विधेयक ल्याएर आप्रबासी भारतीयहरुलाई नेपाली नागरिकता दिन सरकार उद्यत देखिएको छ । राष्ट्रघातका काम गर्न पछि नहट्ने ओली सरकारले ग्रेटर नेपालको सन्दर्भ उठाउने आशा गर्नु बालुवा पेलेर तेल निकाल्न खोज्नु जस्तै हो ।

नेपाल अंग्रेजबीच सन् १९१४ मा युद्ध भएको थियो । दुई वर्ष अर्थात् सन् १८१६ सम्म युद्ध चल्यो । सुगौली सन्धिपछि युद्ध अन्त्य भयो । तर यस सन्धिले नेपालको ६० हजार वर्गकिलोमिटर क्षेत्रफल गुम्यो । सन् १९४७ मा अंग्रेजहरुले भारत छोडे र गान्धी नेहरु परिवारलाई सत्ता हस्तान्तरण गरे । सन् १७५७ देखि अंग्रेजहरुले इस्ट इन्डिया कम्पनीको नामबाट भारतमा शासन गर्न सुरु गरेका थिए । ५६५ वटा स्वतन्त्र राज्यहरुलाई हराएर अंग्रेजहरुले भारतको एकीकरण गरे । नेपाललाई पनि भारतमै गाभ्ने अंग्रेजहरुको अभिस्टतालाई हाम्रा पुर्खाहरुले पूरा हुन दिएनन् ।

१८१६ को सुगौली सन्धिले नेपालको नक्सा नै परिवर्तन गरिदियो । मेचीपारि टिस्टा र महाकालीपारि काँगडासम्मको भूभाग अंग्रेजहरुले कब्जा गरे । आजको भारतको उत्तराखण्ड प्रदेश सुगौली सन्धिअघि नेपालकै भूभाग थियो । भारतका अन्तिम अंग्रेज भायसराय लर्ड माउन्टवेटनले द्विराष्ट्रिय अवधारणा ल्याएर पाकिस्तानलाई धर्मका आधारमा छुट्टै मुस्लिम राष्ट्र बनाइदिए । तर नेपालको कब्जा गरेको भूभाग फिर्ता गरेनन् । न त नेपालका राणा शासकहरुले अंग्रेजसँग यसबारे कुरा नै उठाए । दार्जिलिङबाट प्रतिनिधि मण्डल आएर दार्जिलिङ नेपालले लेओस् भन्ने प्रस्ताव राख्दा समेत पद्मशमशेरले दार्जिलिङ लिन मानेन । त्यसबेलाका कांग्रेस नेताहरु मातृका, बीपी, कृष्णप्रसाद, गणेशमान, सुवर्णशमशेर कसैले पनि अंग्रेजले हडपेको नेपालको भूभाग फिर्ता गर्न स्वतन्त्र भारतका प्रधानमन्त्री नेहरुसँग कुरै गरेनन् । तत्कालीन गृहमन्त्री सरदार बल्लभभाइ पटेलले नेपाललाई भारतमा गाभ्नुपर्ने प्रस्ताव गरेका थिए । तर कांग्रेस नेताहरु भने नेपाल भारतको प्रशासनिक एकाइ मात्र हो, छुट्टै राष्ट्र होइन भन्दै पटेललाई सहयोग पुर्‍याइरहेका थिए । यदि माहात्मा गान्धीले विरोध नगरेका भए नेपाल आज भारतको नेपालाञ्चल सायद हुने थियो ।


नेपालमा सबै नेता पार्टीका मात्र भए, देशका नेता कोही भएनन् । राष्ट्रवादी नेताको खडेरी परिरहेको अवस्थामा छ । ओलीलाई राष्ट्रवादी देख्नु दृष्टि भ्रम मात्र हो । यदि यिनी साँच्चीकै राष्ट्रवादी हुन्थे र ग्रेटर नेपाल चाहन्थे भने ब्रिटेनसँग यस विषयमा कुरा उठाउँथे । तर ओलीबाट यस्तो अपेक्षा गर्नु बेकार छ । ओलीले ग्रेटर नेपालको विषय उठाएनन् भनेर चित्त दुखाउनुपर्ने कुनै कारण छैन ।

**रमेश रिजाल**
गोंगबु, काठमाडौं

# मैले देखेको एक सय एकौं विश्व सम्पदा:
# ब्रेमेनको लेडी चर्च

सुरेन्द्र ढकाल


अगाडिबाट चर्च यस्तो देखिन्छ


चर्चभित्रको संगीत यन्त्र अर्गान


ब्रेमेनको भित्री बजार क्षेत्र (मार्केट स्क्वायर) रोलाण्डको मूर्ति र भित्री बजार क्षेत्रमा रहेका पुराना घरहरु हेरेपछि म डेरा फर्किएँ । ब्रेमेन सिनेटमा काम सिक्ने अनि दिनको दुई बजेपछिको समय ब्रेमेनको ऐतिहासिक स्थल अवलोकन गर्ने मेरो दैनिक कार्यभित्र पर्दथ्यो जसनुरुप मैले ब्रेमेनको तेस्रो अवलोकनस्थल त्यहाँको लेडी चर्चलाई बनाई पुरै तीन घण्टा त्यसको अवलकोन गर्दै बिताएँ ।

**ब्रेमेनको लेडी चर्च**


यो एउटा प्रोटेस्टेन्ट (एभान्जेलिक) चर्च रहेछ । ब्रेमेनको भित्री बजारको उत्तर-पश्चिममा अवस्थित यो चर्च १३ औं शताब्दिमा बनेको रहेछ । यो चर्च यसको कलात्मक शिशाका झ्यालको लागि प्रख्यात मानिदाँ रहेछ जसको डिजाइन फ्रेञ्च आर्टिस्ट आलफ्रेड मानस्सियरले गरेका रहेछन् । चर्चभित्र यस्ता झ्यालहरु १९ वटा रहेछन् । हरेक झ्यालहरुमा बाइबलमा उल्लेख गरिएको ईश्वरको संसारलाई चित्रकलामा प्रस्तुत गरिएको रहेछ । जस्मा the world became flesh, we are the ambassadors of christ भन्ने जस्ता शीर्षक दिइएको रहेछ । सन १९७३ देखि यो चर्च पुरातात्विक स्मारक संरक्षण ऐन अन्तर्गत व्यवस्थित भएको रहेछ । शुरुमा ब्रेमेन बजारबासीहरुको मात्रै रहेको यो चर्च पछि शहर परिषदकै चर्चमा रुपान्तरित भएको रहेछ ।

चर्चको इतिहास केलाउने हो भने सन १०२० तिर यस चर्च रहेको स्थलमा एउटा नयाँ भवन ठडिएको रहेछ जुन पुरै फ्रेस्को पेन्टिङले सिँगारिएको रहेछ र सन् १२२० को मध्यतिर यो चर्चको स्तर वृद्धि भई वासिलिकामा परिणत भएपछि यहाँ भर्जिन मेरीको मूर्ति स्थापना गरी वास्तुपूजा गरिएको रहेछ । सन १२३० पछि गोथिक शैलीमा यो चर्चको पुनर्निर्माण गरी दुइवटा टावर थपिएको रहेछ । उत्तरी टावरमा ब्रेमेन शहरको अभिलेखालयलाई व्यवस्थित गरिएको रहेछ भने दक्षिणी टावरमा घण्ट झुन्ड्याइएको रहेछ । पछि १४औं शताब्दिमा गएर यस चर्चभित्र समूहमा भजन गाउने स्थल (Choir) को निर्माण गरिएको रहेछ । पछि १९४४ मा भएको आगलागिको कारण चर्चको भित्री भाग क्षतिग्रस्त भई पुनर्निर्माण गरेपश्चात् सन १९५३ मा चर्चभित्र संगीत यन्त्र (Organ) जडान गरिएको रहेछ । पुनर्निर्माणको क्रममा भित्तामा भएका फ्रेस्को पेन्टिङ हटाइ इँटमा टिपकार गरिएको रहेछ ।

चर्चभित्र १९औं शताब्दिको दुई मूर्तिहरु र मध्यकालीन समयका केही चिहानहरु पनि रहेछन् । एउटा घोडा चढेको मूर्ति पनि भित्तामा रहेछ जसको निर्माण १९०९ मा गरिएको रहेछ । त्यो मूर्ति प्रसियाका फिल्ड मार्सल हेल्मुट फोन मोल्त्केको रहेछ । पहिलो विश्व युद्धको समाप्तिपछि त्यस युद्धमा वीरगति प्राप्त सैनिकहरुको सम्झनामा युद्ध स्मारक पनि बनाइएको रहेछ जुन वास्तुविद (आर्किटेक्ट) ओट्टो ब्लेन्डरमानको परिकल्पना रहेछ ।



चर्चको घन्टसहितको टावर यस्तो देखिन्छ


चर्चको भित्री भाग


चर्चको भित्तामा राखिएको हेल्मुटको घोडचढी मूर्ति


चर्चको कलात्मक सिसाको झ्याल

# १५. नेपाल कम्युनिस्ट पार्टीको प्रथम राष्ट्रिय सम्मेलन-५




■ शम्भुराम श्रेष्ठ

'सशस्त्र संघर्षलाई संकुचित गर्ने सुवर्ण राणा-कोइराला मण्डलीले हामीलाई सशस्त्र संघर्षबाट अलग गराउनका लागि भरसक कोसिस गऱ्यो । यसमा नेहरु सरकारको पनि पूरापूर सहयोग थियो । तर उनीहरुको सारा कोसिसहरुलाई व्यर्थ गरिकन संघर्षमा हामीहरुले सक्रिय रुपले भाग लियौं ।'

'सशस्त्र संघर्षलाई संकुचित गर्ने सुवर्ण राणा-कोइराला मण्डलीको गैरप्रयास हुँदाहुँदै पनि संघर्ष समिति रहन सकेन ।'

'यस जनआन्दोलनले जनताका समस्त दुश्मनहरुको मुटु कपायो । अंग्रेज-अमेरिकी साम्राज्यवाद र नेहरु सरकार...क्रान्तिको सफलताले उनीहरुको योजनालाई मरिमेट गर्नेछ भन्ने कुरा थाहा पाए। यसकारण उनीहरुले त्रिभुवन-सुवर्ण राणा-कोइराला-मण्डली र मोहनशमशेर मण्डलीको बीचमा सम्झौता गराइदिए । ...सुवर्ण राणा-कोइराला मण्डलीले क्रान्तिप्रति गद्दारी गरी दिल्ली सम्झौता गऱ्यो ।'

पार्टीको प्रथम राष्ट्रिय सम्मेलनद्वारा स्वीकृत राजनीतिक प्रतिवेदन माथि उद्धृत पंक्तिहरुबाट हाम्रो पार्टीको नेतृत्व कहाँसम्म बेबकुफ र केटौले थियो भन्ने कुरा थाहा हुन्छ । 'दिल्ली सम्झौता' लाई धोखा भन्न पार्टीको गल्ती हो-नासमझदारी हो किनभने सात साले क्रान्तिको मुख्य सूत्रधार पं.जवाहरलाल नेहरु र उनका पिछलग्गु नेपाली कांग्रेसको नेतृत्वले सोचेजति, खोजे जति सबै पाएका थिए । नेपाली जनताले त सिर्फ संघर्षको आगोमा होमिन जाने र होमिए तर तिनीहरुको हातमा लगाम थिएन र त्यसैले तिनीहरु संघर्षमा निर्णायक पनि थिएनन् । जहाँसम्म नेपाल कम्युनिस्ट पार्टीको सवाल छ, त्यो १० महिनाको बालक थियो र बामे सर्न मात्र जानेको थियो । नयाँ केन्द्रीय कमिटीको निर्वाचन केन्द्रीय संगठन कमिटीले प्रस्तुत गरेको नामावली अनुसार नै राष्ट्रिय सम्मेलनले का.पुष्पलाल का.मनमोहन अधिकारी, का.तुलसीलाल अमात्य, का.शैलेन्द्रकुमार उपाध्याय का.डीपी अधिकारी का.गौरीभक्त प्रधान, का.केदार खनाल, का.धनुषचन्द्र गौतम र म शम्भुराम श्रेष्ठसहित रहेको ९ सदस्यीय केन्द्रीय कमिटी निर्वाचन गऱ्यो ।

का.पुष्पलालले केन्द्रीय कमिटीको सदस्यताको निम्ति सहाना प्रधानको नाम पनि नामावलीमा समावेश गरियोस् भनी केन्द्रीय संगठन कमिटीको बैठकमा माग गर्नुभएको थियो तर उनको मागलाई केसकले अस्वीकार गरियो । फलत का. पुष्पलालको स्थिति नराम्रो हुन गयो । वास्तवमा कामको आधारमा भन्दा विशेष सम्बन्धको आधारमा सहाना प्रधानको नाम प्रस्तावित हुनु उचित कुरा पनि होइन ।


नवनिर्वाचित केन्द्रीय कमिटीले पहिले केन्द्रीय संगठन कमिटीमा रहेका ५ जना कामरेडहरु रहेको पोलिटब्युरो गठन गऱ्यो । वास्तवमा यसो गर्नु संगठनात्मक सिद्धान्तको दृष्टिकोणले एकदमै गलत थियो किनभने केन्द्रीय कमिटीको कुल सदस्य संख्यामा पोलिटब्युरो बहुमतमा हुन गयो जसले गर्दा केन्द्रीय कमिटीको नेतृत्वदायी भूमिका कमजोर हुन गयो र पोलिटब्युरोको निर्णय नभै वस्तुतः केन्द्रीय कमिटीको निर्णय हुन जाने भयो जाघे पार्टीको संगठनात्मक सिद्धान्तको दृष्टिकोणले गलत त थियो नै र साथै त्यसबाट पार्टी र मुलुकको राजनीति दुवैमा कुनै असोच्य एवं अनर्थ कार्य समेत हुने खतरा छ, थियो र भयो पनि । त्यो पोलिटब्युरो गठन भएको एक वर्ष पनि बित्न नपाउँदै का.पुष्पलालसित सम्बन्धित दुईटा घटनाहरु घटे । एउटा घटना थियो का.पुष्पलाल पार्टीको महासचिव तथा पोलिटब्युरोको नेता हुँदाहुँदै पनि पश्चिम गण्डक प्रान्तको इन्चार्ज लिएर पश्चिम गण्डक जानुभयो जबकि महासचिवको हैसियतले उहाँको कार्य के कस्तो थियो भने पोलिटब्युरोको एउटा बैठकमा का.पुष्पलालमाथि का.मनमोहन अधिकारीको ब्रेन चोरेर काम गरेको, अर्थात् अयोग्यताको आरोप लगाइयो । त्यस बैठकमा का.मनमोहन अधिकारीले का.पुष्पलाललाई आफ्नो ब्रेन चोर्न लगाएको हो भनी आत्मालोचना गरे भने का.पुष्पलालले आफूले का.मनमोहन अधिकारीको ब्रेन चोरेर काम गरेको हुँ भनी आत्मालोचना गरे । यति भएपछि पोलिटब्युरोलेका.पुष्पलाललाईमहासचिवको ओहोदाबाट हटायो । का.मनमोहन अधिकारीलाई महासचिव बनायो र ती दुवैजनाको आत्मालोचनाहरु पार्टीका सेलहरुसम्म पठाइयो । यो सिंगै कम्युनिस्ट पार्टीकै निम्ति निन्दनीय र लाजमर्दो घटना थियो र साथै पूर्ण रुपले गलत निर्णय पनि थियो किनभने एक त महासचिव पार्टी केन्द्रीय कमिटीले गुप्त मतदानद्वारा निर्वाचित हुने पद थियो र छ र त्यो पदबाट कुनै कामरेडलाई हटाउनु परेमा पनि केन्द्रीय कमिटीले नै अथवा केन्द्रीय कमिटीले मात्र हटाउन सक्छ । दोस्रो कुरा काम गरेको हिसाबले भन्ने हो भने मैले इमानदारीपूर्वक भन्नुपर्दा का.पुष्पलाल का.मनमोहन अधिकारीभन्दा धेरै धेरै नै बढता योग्य थिए । मनमोहन अधिकारी जुनसुकै कामबारे निर्णय गर्नुपर्दा ढुलमुल हुने गर्थे अर्थात् नराम्ररी अस्थिर स्वभाव भएको व्यक्ति थिए भने त्यसको ठीक विपरीत पुष्पलाल थिए । नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरेकै कुरालाई लिऔं । पुष्पलालले कम्युनिस्ट पार्टीको स्थापना गर्नुभन्दा धेरै अघि नै मनमोहन अधिकारी भारतीय कम्युनिस्ट पार्टीको सदस्य हुनुहुन्थ्यो । तर उनले पार्टी स्थापना गर्न कहिल्यै हिम्मत गरेनन् । पुष्पलालले नेपाल कम्युनिस्ट पार्टी स्थापना गरेपछि उनले आफूलाई पार्टीमा प्रवेश गराए । यति मात्र होइन, सैद्धान्तिक तथा राजनीतिक मामलाहरुमा पनि मनमोहन अधिकारी प्रायः सधैं अनिर्णय, ढुलमुले हुन्थे । पार्टीको पहिलो केन्द्रीय कमिटीमा चुनिएदेखि नै पार्टीले मलाई किसान मोर्चाको जिम्मेवारीको साथसाथै मनमोहन अधिकारी र मलाई पार्टीको हेडक्वार्टर चलाउने जिम्मेवारी दियो । फलतः म पार्टी काममा ज्यादै नै व्यस्त रहन थालें ।

(क्रमशः)

# जर्मनी : चम्किलो देशमा रन्किलो स्वभाव-५

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**



ठूलठूला सहरका खुला ठाउँहरूमा हिप्पीजस्ता सङ्गीतवादक तथा गायक-कलाकाहरूको जमातले जनसाधारणलाई आकर्षित तुल्याएका हुन्छन् त संसारको कुनै पनि ठाउँबाट आएका प्रतिष्ठित गायक-कलाकारहरूको कहिले यो ठाउँमा वा कहिले त्यो ठाउँमा भव्य कार्यक्रमहरू भइरहेको हुँदो रहेछ ।

सहरका चार दोबाटोमा हेर्दा कलिला देखिने युवकयुवतीको जमात पनि सङ्गीतको तालमा झुम्दै जीउ हल्लाउँदै गितारको धुनमा मस्तसँग गाएको देख्दा यस्तो लाग्यो, मानौं तिनीहरू गाना गाउनमा नै परमानन्द प्राप्त गर्दै छन् या यो सांसारिक झैंझमेलाको जिन्दगीबाट हाम्रा जोगीमहात्माजस्तै उम्कनामा उन्मुख छन् । तर तिनीहरूको वास्तविक जिन्दगी कस्तो छ होला त्यो भने थाहा पाइनँ ।

गीत तथा सङ्गीत कार्यक्रमको साथसाथै जर्मनीका विभिन्न ठाउँमा थिएट, अपेरा, ब्यालेको पनि निकै प्रचलन रहेछ । यसको विकास तथा संवर्द्धनका निमित्त सरकारले पनि विभिन्न अनुदान तथा सहुलियतहरू दिएको हुँदो रहेछ । यस्तो कार्यक्रम हेर्न आउँदा जर्मन पुरुषहरू खूब डटेर तथा आइमाईहरू हुनसम्म सिँगारपटार गरेर टिपटप भएर आउँदा रहेछन् । यो देख्दा हामीकहाँ विवाह-व्रतबन्धको भोजमा कसिएर आउने निम्तालुहरूको सम्झना हुन्छ । जर्मनीको फिल्महलमा जसलाई ' किनो' भन्दछन् अक्सर यौनप्रधान अर्थात् सेक्स फिल्महरू प्रदर्शित हुने गर्छन् । त्यसैले घरानियाँहरू जहानपरिवारसमेत लिएर अपेरा, अर्केस्ट्रा वा यस्तै कार्यक्रममा मात्र पुग्दा रहेछन् ।



एक चोटि म कासेल सहरमा हुँदा अपेराको ठूलो सनसनी मच्चिरहेको थियो । केके न होला भनेर मध्यम श्रेणीलाई पच्चीस मार्क तिरेर हेर्न गएको त लेखपढ गर्न नजान्नेलाई कालो अक्षर भैंसीबराबर भनेजस्तै उराठ लागेर निद्रादेवीसँग मायाप्रीति लगाउन जानुपरेथ्यो ।

**खाल्डो दुई पिँढीबीचको**

जर्मनीमा युवकयुवतीहरू आफ्ना गर्लफ्रेन्ड वा ब्वायफ्रेन्डसँग डुलिरहँदा वा कतै यसो पर्खिरहँदा मुखामुख गरी लामो चुम्बनको आदानप्रदान गरिरहेका निकै ठाउँमा देख्न पाइन्छ । पश्चिमा अधिकांश समाजमा युवापिँढीका निम्ति आफ्ना प्रेमीप्रेमिकालाई मायाप्रीति दर्साउने यो सरल तथा सुलभ तरिका भए पनि मेरा निम्ति यो रुखका चराचुरुङ्गीहरूले चीँचीँ चूँचूँ गर्दै एकले अर्कोको थुतुनो ठुँगिरहेको जस्तो मात्र लाग्यो । एक दिन हिउँदमा राति स्टुटगार्ड सहरबाट आफ्नो डेरामा फर्किरहेको थिएँ । बाहिर निकै जाडो भए पनि बसभित्र रमाइलो न्यानो हुँदा मन चङ्गा भएको थियो । बसभित्र मानिस खचाखच नभए पनि यथेष्ट थियो । म बसेको सिटअगाडि एक जोडी युवकयुवती थिए । सायद डिसकोथेमा थकाइ नलागेसम्म नाचेर आएका होलान् । फेरि त्यहाँ नपुगेर यतैतिर चुम्बनको प्रणयलीला धेरैबेरसम्म गरिरहेका देखें ।

मेरा निम्ति यो नौलो नभए पनि मेरा आँखा त्यतैतिर बरालिरहेका थिए । म मात्र होइन, स्वयम् जर्मनहरूको पनि ध्यान ती युवकयुवतीतिर आकर्षित थियो भन्ने त्यस बेला थाहा भयो जब पछिल्तिरबाट एउटा अधबैंसे व्यक्तिले ती दुवैलाई लक्ष्य गर्दै जर्मन युवापिँढीलाई छेड हान्दै फतफताउन सुरु गरेको सुनें । जर्मन भाषाको सीमित मात्र ज्ञान भएको हुँदा त्यस व्यक्तिको सम्पूर्ण भाषणलाई मैले यथार्थ बुझ्न सकेको थिइनँ तैपनि भावार्थ भने छर्लङ्गिएको थियो- उनी ती उच्छृङ्खल उद्दण्ड युवकयुवतीप्रति छेड हान्दै उद्विग्नता व्यक्त गर्दै थिए अनि आफ्नो पिँढीको डिङ हाँक्दै द्वितीय विश्वयुद्धमा पाएको गोता र देशनिर्माणमा गोरु जोतेझैँ गरेको परिश्रमको बखान गर्दै थिए । त्यस व्यक्तिले कति बियर-र क्सी धोकिसकेको हो त्यो त थाहा भएन तर उसले फलाकेको कुराले ऊ जँड्याहाजस्तो देखिँदैनथ्यो अपितु हालका युवकयुवतीको फितलो बानीबेहोराप्रति प्रबुद्ध जर्मनको मानसिक वेदना अनायास प्रस्फुटित भएको आभास पाएँ ।

यसै सन्दर्भमा मलाई भाषा स्कूलको बिदाइसमारोह (फेरवेल पार्टी) को सम्झना भयो । समारोह भन्नु के थियो डिसकोथेमा जस्तै युवकयुवतीले नाच्न नअघाएसम्म नाच्ने र सितैंमा बियर पिउन गरिएको भेला थियो । यस समारोहमा सबै शिक्षकशिक्षिकालगायत हामी सबै विद्यार्थीको उपस्थिति थियो । धेरैजसो विद्यार्थी कति नै ठूलो काम गरें भनेजस्तो गरी आआफ्नो ढङ्गले लाज पचाएर नाच्दै थिए, तर जर्मन शिक्षकहरू भने कोही पनि नाचेको देखिएन ।

एक जना शिक्षार्थी भएभरको आँट जम्मा गरी एक जना हिसी परेकी शिक्षिकालाई सँगै नाच्न अनुनय-विनय गर्दै तान्न पुगे । उनी लाजले भुतुक्क भइन् । धेरै कर गरेको हुँदा प्रार्थीको धीतसम्म मेटिदिन उनीले केही क्षण नाचिदिइन्, अनि मुख रातो पार्दै आफ्नो आसनमा आई थचक्क बसिन् । स्कूलकी एक जना परिचारिका भने नाच्न उत्सुक देखिन्थिन्, तर प्राध्यापकहरूको सामुन्ने उनले नाच्न आँट गर्न सकिनन् । म यी सबै दृश्यमा चाख लिँदै चिन्तन गरिरहेको थिएँ । एक जना प्राध्यापकबाट पछि थाहा पाउँछु- डिस्को डान्स अपरिपक्व युवायुवतीको प्रबल मनोकामना पूरा गर्ने साधन मात्र हो, यसलाई अधिकांश प्रबुद्ध जर्मनहरूले राम्रो नमान्ने गरेका रहेछन् ।

यता केही वर्षदेखि पश्चिमेली 'डिस्को डान्स' ले हामीकहाँ बिस्तारैबिस्तारै फेसनको रूपमा प्रवेश गर्दै छ । लाजिम्पाट, गैह्रीधारा र हाँडीगाउँतिर (?) पनि यसका केन्द्रहरू छन् भनेको सुनेको छु । पश्चिमी परिवेशमा भिजेका वा भिज्न जानेका छौं भन्ने देखाउन तम्सने नेपाली युवकयुवतीले तालमा ताल मिलाउँदै कान्छा र कान्छीको नाच वा 'राजामती कुमति, जिके वसा पिरती, हाय बाबा राजामतीचा' जस्ता लालित्यपूर्ण स्वदेशी गीतलाई तिलाञ्जलि दिँदै आएको देख्दा यो देश कता पुग्ने हो पछि गएर पछुताउनुपर्ने हो कि जस्तो लाग्दछ । हाम्रो आफ्नै परम्परागत गौरवपूर्ण नाच हेर्न लालायित विदेशीलाई उनीहरूकै ' डिस्को नाच' देखायौं भने हाम्रो आफ्नो मौलिकता भन्ने नै के देखिने भयो र ?

(क्रमशः)

स्वास्थ्य

# एभोकाडोका फाइदै फाइदा

एभोकाडो (Avocado) लाई नेपालीमा घिउ फल (Butter Fruit) भनिन्छ । मध्ये अमेरिका र मेक्सिकोमा उत्पति भएको उष्ण प्रदेशीय यो एक राम्रो नगदे फल हो । यो फलको वैज्ञानिक नाम पेर्से अमेरिकाना Persea Americana हो । सबैभन्दा बढी एभोकाडो उत्पादन गर्ने राष्ट्रमा मेक्सिको पर्छ ।

समुन्द्र सतहबाट २५०० मिटरसम्म यसको खेती गर्न सकिन्छ । पर्याप्त मात्रामा स्वस्थ्यका लागि लाभदायक फ्याट र कार्बोहाइड्रेट हुने भएकाले एभोकाडो उच्च रक्तचापलाई कम गराउँछ । पोटासियम एउटा यस्तो तत्व हो जसले शरीरभित्रका महत्वपूर्ण प्रणाली सञ्चालन गर्न मद्दत गर्छ । केरामा १० प्रतिशत पोटासियम हुन्छ भने एभोकाडोमा १४ प्रतिशत पोटासियम हुन्छ । चिकित्सकका अनुसार अधिक पोटासियमले उच्च रक्तचापलाई नियन्त्रण गर्न मद्दत् गर्छ र हृदयघात अनि किड्नी फेल हुनबाट समेत बचाउँछ ।

फाइबरको अधिक मात्राले तौल नियन्त्रण फाइबर अर्को एउटा तत्व हो



खानुका थुप्रै फाइदा छन् । विभिन्न अध्ययनमार्फत वैज्ञानिकहरुले यसमा अत्यन्तै फाइदाकारक तत्व हुने बताएका छन् । नेपालका विभिन्न ठाउँमा एभोकाडो फेलेको पाइए पनि मानिसहरुले यसको महत्व नबुझेकाले सेवन गर्दैनन् । संसारकै फलमध्येमा धेरै पोषक तत्व भएको फलका रुपमा लिइने एभोकाडो नेपालको पूर्वी पहाडी जिल्लामा केही वर्ष अगाडिदेखि व्यावसायिक खेती सुरु भएको पाइन्छ । नेपालमा व्यावसायिक सोचका साथ एभोकाडोमा लागेकाहरूले पाखोबारी, कान्ला र खोला छेउमा समेत यसको बिरुवा हुर्काइरहेका छन् ।

पाखा, खोला बगर वा अरू काम नलाग्ने ठाउँमा एभोकाडो लगाएर राम्रो आय लिन सकिन्छ । नेपालका पहाड, तराई, खोंच, बेंसी, मध्यपहाड र भित्री मधेशमा एभोकाडो मजाले फल्छ । एभोकाडो हुर्काएपछि ५० वर्षसम्म फल दिन्छ, बिरुवा लगाएको १ देखि ५ वर्षमा फल दिन शुरू गर्ने यसको एकै बोटमै १ हजार किलो (१ सयदेखि ५ सयओटा फल) सम्म फल्न सक्छ ।

**खेती प्रविधि**

समुन्द्र सतहबाट २५०० मिटरसम्म यसको खेती गर्न सकिन्छ । माटोको पी एच ५.५ देखि ६.५ भएको ठाउँमा राम्रो हुन्छ । ३ फिट लम्बाई ३ फिट चौडाईको खाडल खन्नु पर्छ ।

१:१ को अनुपातमा बालुवा र कम्पोस्ट मल मिसाई खाडलमा बिरुवालाई सार्नु पर्दछ । बिरुवा सार्दा १० मिटरसम्मको दूरीमा रोप्नु पर्दछ । रोपेको समयमा दिनको एकपटक पानी दिनुपर्छ । बिरुवा सरिसकेपछि हप्ताको एक पटक पानी दिए हुन्छ । बिरुवा रोपेको तल तरकारी वा कोशे बाली रोप्दा माटोको उर्बरा शक्ति बढ्ने र थप उब्जनी समेत लिन सकिन्छ ।

रोग तथा किरा लागेको हाँगाहरुलाई काट्ने र हटाउने गर्नुपर्छ । बिरुवा रोपेको ३ देखि ५ बर्षमा फल फल्ने गर्छ । फल टिपेको ५ देखि १० दिनमा फल पाक्ने गर्छ । श्रावणदेखि कार्तिक मंसिरसम्म टिपिने यो फलको मुख्य सिजन भने भाद्र-असोज हो ।

**एभोकाडोको बजार** : एभोकाडो बिदेशमा प्रति केजी १००० पर्छ भने, नेपालमा एभोकाडो ३०० देखि ५०० प्रति केजीसम्म गुणस्तर अनुसार पर्छ, होलसेलमा ठाउँ हेरेर १०० देखि २८० सम्म बिक्छ !

अत्याधिक पोषक तत्वयुक्त एभोकाडोमा २० वटा छुट्टाछुट्टै प्रकारका भिटामिन र मिनिरल पाइन्छन् । हाम्रा शरीरका लागि आवश्यक सम्पूर्ण पोषक तत्वहरु एभोकाडोको सिङ्गो फलबाट पाउन सकिन्छ । यसका साथै यो फलमा कोलेस्ट्रोल नहुने भएकाले पनि यसलाई जोकोहीले सेवन गर्न सक्छ । जुन एभोकाडोमा अत्याधिक मात्रामा पाइन्छ । यसले हाम्रो तौल नियन्त्रण गर्न र साथै रगतमा सुगर लेभललाई पनि सन्तुलित पारिदिन्छ जसले मधुमेहबाट बचाउँछ । आँखालाई स्वस्थ राख्ने एन्टिअक्सिडेन्ट एभोकाडोमा लिउटीन र जीआछानथीन नामक तत्वहरु पाइन्छन् जसले आँखालाई स्वस्थ राख्न ठूलो भूमिका खेल्छ ।

वृद्धहरुको आँखामा आउने समस्यालाई पनि यसले कम गराउने भएकाले नियमित एभोकाडोको सेवन गर्नुपर्ने चिकित्सक बताउँछन् । क्यान्सरबाट बचाउँछ एउटा अनुसन्धानका अनुसार एभोकाडो नियमित खाँदा यसले क्यान्सरको उपचार गर्दा गरिने केमो थेरापीको साइड इफेक्टलाई न्युन गराउन मद्दत गर्छ । प्रोस्टेट क्यान्सरबाट बचाउने हुनाले पुरुषहरुले दैनिक एभोकाडो खाने गर्नुपर्छ ।

तौल घटाउन प्रभावकारी एभोकाडो तौल नियन्त्रण गराउन प्रभावशाली सावित भएको धेरै अध्ययनले बताइसकेको छ । एउटा ग्रुपमाथि गरिएको अनुसन्धानले यस्तो पत्ता लगाएको हो कि एभोकाडो खाएकाहरुलाई अरु खानेकुरा खाएकाभन्दा थोरै मात्रै भोक लाग्दछ । त्यसैले एभोकाडो खाँदा आफैँमा थोरै खाना खाइन्छ जसले तौल नियन्त्रण गराउँछ ।

साथै अधिक मात्रामा फाइबर हुने भएकाले पनि एभोकाडो तौल कम गराउन धेरै मद्दतगार साबित भइसकेको छ । पोषकतत्वले भरपूर एभोकाडोले कलेजो सफा गर्न आवश्यक तत्व ग्लुटाथाइन उत्पादन गर्न सहयोग गर्छ । एक दिनमा एउटा एभोकाडो खानेगरेमा कोलेस्ट्रोल आपसेआप हराएर जान्छ ।

**एभोकाडोको समस्या**

एक बोट एभोकाडोले वार्षिक २०० किलोसम्म फल दिन्छ । मंसिरदेखि पाक्ने एभोकाडो एकै पटक टिप्ने बेला हुन्छ । बेलैमा टिपिएन भने अर्को वर्ष बोटमा फलै लाग्दैन । एभोकाडोको मुख्य समस्या यही हो । यो समस्या किन मुख्य बन्यो भने, एभोकाडोलाई भण्डारण गरेर राख्न सकिंदैन । नेपाली बजारमा मंसिरतिर प्रतिकिलो रु.१०० मा पाइने एभोकाडो चैततिर रु.४०० पर्छ । यो समस्याबाट छुटकारा पाउन प्रशोधन उद्योग अनिवार्य हुन आउँछ । नेपाली एभोकाडोबाट उच्चकोटिको बटर, क्रिम, जुस, चक्लेट, आइसक्रिम बनाएर निर्यात गर्न सकिन्छ । यसका लागि लगानी र प्रविधि चाहिन्छ ।

एभोकाडोको मात्र हैन, नेपालको समग्र कृषि क्षेत्रमा इच्छाशक्ति हुनेहरूसँग स्रोत नहुने र स्रोत हुनेहरूसँग इच्छाशक्ति नहुने समस्या छ । सरकारले इच्छाशक्ति भएका किसानहरूलाई सजिलो हुने नीति लागू गर्दा देशभर अरू बालीसँगै एभोकाडो फल्ने प्रचूर सम्भावना छ ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

# सुपुर्दगी कानुन स्थगित तर पनि रोकिएन प्रदर्शन



**विष्णु भट्टराई**



चीनको पर्ल नदी डेल्टा र साउथ चाइना सीको दक्षिणी कुनामा रहेको स्वायत्त प्रदेश हङकङ वैश्विक महानगर तथा अन्तर्राष्ट्रिय वित्तीय केन्द्र हुनुका साथै उच्च विकसित पुँजीवादी अर्थव्यवस्था भएको क्षेत्र हो । 'एक देश दुई नीति' को व्यवस्थाअनुसार हङकङ कानुनी रूपमा उच्च स्तरको स्वायत्तता प्राप्त भएको क्षेत्र पनि हो । विदेश नीति र रक्षा नीतिबाहेक सबै नीति हङकङ आफैंले सञ्चालन गर्नेगर्छ । हङकङ आफ्नो मुद्रा, कानुन प्रणाली, राजनीतिक व्यवस्था, आप्रवासनमाथिको नियन्त्रण, सडक नियम र मुख्य प्रशासनिक भूमि चीनको भन्दा अलग जीवनशैली यहाँको परिचान हो । एक व्यापारिक बन्दरगाहको रूपमा स्वतन्त्र यो क्षेत्र सन् १९४२ मा बेलायतको विशेष उपनिवेश बन्यो र सन् १९९७ मा बेलायतले हङकङमाथिको सम्प्रभुत्ता चीनलाई हस्तान्तरण गर्‍यो ।

यतिबेला यही हङकङमा चीनविरुद्ध विशाल प्रदर्शनहरू भइरहेका छन् । हङकङका लाखौं मानिसहरू एउटा सुपुर्दगीसम्बन्धी प्रस्तावित विधेयकका विरुद्ध सडकमा ओर्लिएका हुन् । हङकङको विशेषताभन्दा फरक यसपटक हिंसात्मकसमेत बनेको यो प्रदर्शन हङकङ सन् १९९७ मा चीनको विशेष क्षेत्रका रूपमा आएपछिकै सबैभन्दा ठूलो प्रदर्शनका रूपमा लिइएको छ ।

के छ सुपुर्दगी कानुनमा ?

हङकङ सरकारले फेब्रुअरीमा हाल रहेको सुपुर्दगी कानुनमा संशोधन गर्ने प्रस्ताव ल्याएको थियो । ताइवानमा एक व्यक्ति आफ्नी प्रेमिकाको हत्या गरेर हङकङ गएका थिए । यसपछि सुपुर्दगी कानुनमा संशोधनको प्रस्ताव आएको हो । हङकङ चीनको स्वायत्त द्वीप हो र यसलाई आफ्नो सम्प्रभुत्ताभित्रको क्षेत्र मान्दछ । हङकङको ताइवानसँग सुपुर्दगी सन्धि छैन । यसै कारण हत्याको आरोपमा मुद्दा चलाउनका लागि प्रेमिकाको हत्या गर्ने व्यक्तिलाई ताइवान पठाउन सकेन । प्रस्तावित कानुनले हङकङले सुपुर्दगी सन्धि नगरेका देश तथा क्षेत्रमा गरेका अपराधका लागि संदिग्धलाई कारबाही गर्न सुपुर्दगी गर्न स्वीकृति दिने व्यवस्था गरिएको छ । हङकङमा अंग्रेजको समयको कमन ल प्रणाली रहेको छ र एक दर्जनभन्दा बढी देशसँग सुपुर्दगी सन्धि पनि रहेको छ । जसमा अमेरिका, बेलायत, सिंगापुरजस्ता देश पनि पर्छन् ।

सन् १९९७ मा बेलायतले हङकङ चीनलाई हस्तान्तरण गरेपछि यहाँ 'एक देश दुई प्रणाली' को व्यवस्था छ । यसअनुसार कम्तीमा पनि सन् २०४७ सम्म मानिसहरूलाई स्वतन्त्रता र आफ्नो कानुनी व्यवस्थालाई अघि बढाउनका लागि ग्यारेन्टी दिइएको छ । सन् २०१४ मा 'अम्ब्रेला मुभमेन्ट' नाम दिइएको प्रदर्शन करिब ७९ दिनसम्म चलेको थियो ।

यसपछि चीन सरकारले प्रदर्शनकारीमाथि कारबाही अघि बढाएको थियो । यो आन्दोलनका क्रममा चीनसँग कुनै सहमति भएन र चीनको आधिपत्यविरुद्ध उभिनेहरूलाई जेल हालियो, स्वतन्त्रताको आवाज उठाउने एक पार्टीमाथि प्रतिबन्ध लगाइयो । सो पार्टीका संस्थापकसँग अन्तर्वार्ता गर्ने विदेशी पत्रकारलाई देश निकाला गरिएको थियो ।





हङकङमा सुपुर्दगी कानुनमा संशोधन गर्ने प्रस्तावको त्यहाँका जनताले सडकमा जमेर प्रतिरोध गरिरहेका छन् । यो प्रस्ताव पारित भएमा हङकङका जनतामाथि चिनियाँ कानुन लागू हुने र त्यसपछि चीनले मनोमानी ढंगले हिरासतमा लिएर यातना दिने उनीहरूको आशंका छ । हङकङ सरकारले भने यो विधेयक तत्काल पारित नभएका हङकङका जनतामाथि सुरक्षा खतरा हुने र सहर अपराधीको अड्डा बन्ने बताउँछ ।

सरकारले नयाँ कानुन गम्भीर अपराध गर्नेमाथि लागू हुने स्पष्ट बनाइसकेको छ । यो कानुन लागू भएमा दोषीलाई सात वर्षसम्मको जेल सजाय हुन सक्नेछ । सुपुर्दगीको कारबाही गर्नुअघि हङकङ र चीन दुवै देशको कानुनमा व्याख्या गरिएको अपराध भएको छ या छैन भन्ने पनि हेरिनेछ । यसका साथै अधिकारीहरूले बोल्न पाउने र शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउने स्वतन्त्रतासँग जोडिएको कुनै घटनामा पनि चीनमा सुपुर्दगी नगरिने बताइसकेका छन् । तर, प्रदर्शनकारीहरू सरकारको भनाइमा त्यति विश्वस्त भएको पाइँदैन । पछिल्ला केही वर्षदेखि चीन सरकारको प्रभावमा हरेक निर्णय हुने भन्दै त्यहाँका जनताले सरकारमाथि अविश्वास गर्न थालेका छन् । यद्यपि, सरकारले फेरि पनि राजनीतिक अपराधविरुद्ध मुद्दा नचलाउने पनि बताइसकेको छ । तर, केहीमा यो कानुनलाई चीनले हङकङका नागरिक र विदेशी नागरिकविरुद्ध प्रयोग गर्ने हो कि भन्ने चिन्ता देखिएको छ । हङकङमा भइरहेको पछिल्लो प्रदर्शनले अन्तर्राष्ट्रिय समुदायलाई समेत तानेको छ । अमेरिकी चेम्बर अफ कमर्ससहित अमेरिकाले प्रस्तावित संशोधनमाथि चिन्ता जनाउँदै आफ्ना नागरिक र व्यावसायिक हितमाथि गलत तरिकाले प्रयोग हुनसक्ने आशंका व्यक्त गरेको छ ।

चीनमा माओत्से तुङपछिका सबैभन्दा शक्तिशाली मानिएका सीको नेतृत्वमा रहेको शक्तिशाली चीन आफ्ना नीति लागू गर्न कठोर बन्न सक्ने देखिन्छ । गत वर्ष संसद्को अधिवेशनलाई सम्बोधन गर्दै उनले भनेका थिए, 'चिनियाँ नागरिकमा शत्रुहरूकाविरुद्ध अन्तिम क्षणसम्म रक्तपातपूर्ण लडाइँ लड्ने जोस छ ।'

यसैबीच चिनियाँ अधिकारीहरूसँग घन्टौं लामो बैठकपछि हङकङकी प्रमुख कार्यकारी क्यारी ल्यामले सरकारले सो विधेयक अस्थायी रूपमा स्थगित गरेको घोषणा गरेकी छन् । चीनले यो घोषणाको समर्थन गरेको छ । यो कानुनका अनुसार चीनमा कुनै अपराध गरेर हङकङ आएर बसेकालाई कानुनी कारबाहीका तथा मुद्दा चलाउन मुख्य भूमि चीन पठाउन सकिने थियो ।

हङकङका जनताले यस कानुनबाट राजनीतिक विरोधीलाई निशाना बनाउन सक्ने भन्दै यसको विरोध गरेका थिए । साथै उनीहरूले यो विधेयकलाई हङकङलाई प्राप्त स्वायत्तताको पनि हननकाम रूपमा लिएका थिए ।

प्रमुख कार्यकारी क्यारी ल्यामले गरेको यो घोषणा पछिल्लो केही वर्षका बीचमा चीन पछि हटेको पहिलो घटना पनि हो । सन् २०१३ मा सी जिनपिङ सत्तामा आएपछि चीनले कुनै पनि आफ्ना निर्णयलाई स्थगित गरेको पनि यो पहिलो घटना हो ।

चीनका तर्फबाट आएको यो कानुन हङकङमाथि चीनले गर्दै गएको भनिएको हस्तक्षेपका कोशिसको एक हिस्सा भएको भन्दै प्रदर्शनकारीले प्रदर्शन उग्र पारेका थिए । सन् १९९७ मा बेलायतले चीनलाई हस्तान्तरण गर्दा नै हङकङलाई स्वायत्त बनाउनका लागि केही सर्त राखेको थियो । सोहीअनुसार हङकङमा अलग संसदीय निर्वाचन हुँदै आएको छ भने आफ्नै मुद्रा, प्रवासीसम्बन्धी नियम र आफ्नै न्यायिक प्रणाली रहेको छ । यद्यपि पछिल्लो २० वर्षमा त्यहाँको नेसनल एसेम्बलीमा चीनको बलियो पकड रहेको छ ।

प्रदर्शन बढ्दै जाँदा थप तनावको अवस्था आउने र विदेशीले खेल्ने मौका आउने देखेर चीन यो निर्णयबाट पछि हटेको अनुमान गरिएको छ । सो विषयलाई लिएर आइतबार पनि विशाल प्रदर्शनको तयारी भएको थियो ।

चीन पछिल्ला दिनमा केही मोर्चामा लडिरहेको छ । अमेरिकासँगको व्यापारिक युद्ध, देशको अर्थव्यवस्थाको विकासमा हुन थालेको सुस्तता, बढ्दै गरेको मुद्रा स्फीति दर पछिल्लो समयमा चीनका चुनौती बनेका छन् । सोही कारण पनि चीन आफ्ना घरेलु मुद्दालाई चर्काउने पक्षमा नभएको बताइन्छ ।

९ जुनमा सुरु भएको प्रदर्शन शान्तिपूर्ण रहेको भए पनि प्रदर्शन बढ्दै जाँदा १२ जुनमा हिंसात्मक घटना भएका थिए । प्रदर्शनकारीले प्रहरीमाथि ढुंगा हानेपछि प्रहरीले अश्रुग्याँस, पानीको फोहोरा र रबरका गोली प्रहार गरेको थियो ।

यद्यपि सरकारले यो कारबाहीलाई 'आवश्यक र जिम्मेवारी' भएको भन्दै बचाउ गरेकी थिइन् । प्रदर्शन बढ्न थालेपछि बेइजिङको समेत सहमतिमा विधेयक स्थगित गर्ने निर्णय आएको हो । यो विधेयक स्थगित गरेको घटनाले हङकङवासीलाई थोरै राहत भएको छ ।

हङकङमा नागरिक एसेम्बली समेत यो विधेयकको पक्ष विपक्षमा बाँढिएको थियो । हङकङको एसेम्बलीमा ५० प्रतिशत सदस्य मतदानबाट चुनिएका हुन्छन् भने बाँकी त्यहाँका व्यापारिक क्षेत्रमा प्रतिनिधित्व गर्नेहरूले छनोट गर्छन् । उनीहरूको खास सम्बन्ध बेइजिङसँग हुनेगर्छ ।

चुनाव समितिमा करिब १ हजार २ सय सदस्य रहेका छन् र बढीजसो चीनसँग सम्बन्धित छन् । प्रमुख कार्यकारी पनि चीनको समर्थन प्राप्त र चीनका नीतिमा सहमत व्यक्तिलाई नै बनाउने गरिन्छ ।

क्यारी ल्याम पनि यस्तै एक प्रमुख कार्यकारी हुन् । कतिपय सञ्चारमाध्यमले विधेयक फिर्ता लिने निर्णय हङकङलाई लिएर चीनको दुविधाको उदाहरण भएको टिप्पणीसमेत गरेका छन् । तर चीन हङकङमाथि पूर्ण नियन्त्रण बनाइराख्न चाहन्छ । त्यसैले अर्ध स्वायत्तता भएको क्षेत्रलाई पूर्ण स्वायत्तताको अनुमति छैन ।

*(एजेन्सीहरुको सहयोगमा)*

# खप्तडमा गंगा दशहरा मेला



सुदूरपश्चिमको प्रसिद्ध पर्यटकीय एवं धार्मिक क्षेत्र खप्तडमा गंगादशहरा मेलाको रौनक छाएको छ । खप्तडमा शनिबारदेखि गंगादशहरा मेला (जात्रा) सुरु भएसँगै यस क्षेत्रमा हिन्दु धर्मालम्बी तथा पर्यटकहरुको भीड लागेपछि यस क्षेत्रमा थप रौनक छाएको हो ।

प्रत्येक बर्ष जेठ शुक्ल दशमीको दिनमा गंगा दशहरा मेला लाग्ने गर्दछ । खप्तडमा रहेको त्रिवेणीमा स्नान गर्नाले मानिसहरुले गरेका सबै पापहरु नाश भएर जाने धार्मिक विश्वास गरिदै आएको छ । गंगादशहराको दिन गंगाबाट ल्याएको जल वर्षभरी बिग्रँदैन । यस तिर्थमा बहुसंख्यक हिन्दू धर्मालम्बीहरु गंगा स्नान गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास रहेको स्थानीय पण्डित चित्रराज जोशीले बताए ।

गंगादशहराको दिन पुण्य प्राप्तिका लागि पवित्र गंगाको किनारामा अवस्थित विभिन्न तिर्थस्थलमा गई गंगा स्नान गर्ने प्रचलन समेत छ । मेलाको अवसर पारी गंगादशहरा मेलामा विभिन्न संघ संगठनहरुले कार्यक्रम आयोजना गरिरहेका छन् । डोटी उद्योग वाणिज्य संघले बर्सेनि आयोजना गर्दै आएको गंगा दशहरा मेलामा खुला पुरुष भलिवल, घोडा दौड र सुदूरकै संस्कृतिको रुपमा चिनिएको डेउडा प्रतियोगिता यस वर्ष पनि आयोजना गरिएको छ ।

सधैका वर्षभन्दा यस बर्ष खप्तड जाने तिर्थालु तथा पर्यटकहरुको संख्या बढेको खप्तड छान्ना गाउँपालिका ३ मेल्तडीका स्थानीय मेखबहादुर रावलले बताए । अझै पनि बझाङको बाटो हुँदै आउने पर्यटकका लागि छोटो बाटो र आरामदायी यात्रा हुन्छ भन्नेबारे प्रचार प्रसार हुन सकेको छैन ।

प्रत्येक वर्ष लाग्ने गंगादशहरा मेलामा झण्डै २० हजार तीर्थालु तथा पर्यटकहरुले खप्तड पुग्ने अनुमान गरिएको छ । सुदूरपश्चिम प्रदेशका पहाडका चार जिल्लाहरु बाजुरा, बझाङ, अछाम र डोटीको केन्द्र बिन्दुमा पर्ने खप्तड नेपालकै सुन्दर पर्यटकीय क्षेत्रहरु मध्येको एक हो । भु-स्वर्गका रुपमा समेत वर्णन गरिएको खप्तड एक प्रकृतिको अनुपम उपहार हो । जहाँ आँखाले नभ्याउने विशाल फाँटहरु, हिउँदमा सेताम्मे र वसन्त ऋतुमा रंगीविरंगी फूलले ढकमक्क हुने भएकाले धार्मिक हिसाबले मात्रै होइन, पर्यटकीय हिसाबले पनि यसको महत्व धेरै भएको स्थानीय जानकारहरु बताउछन् ।

खप्तडमा २२ पाटन र ५२ झोती रहेको खप्तडमा खप्तड बाबाको कुटी, त्रिवेणी नदी, खप्पर दह (खप्तड ताल), शिव मन्दिर, सहस्रलिंग, गणेशस्थान, नागढुंगा, माइका थान, छिन्तेढुंगा, केदारढुंगा, डाँफेकोट, सीतापाइला, घोडादाउन पाटन, नाचन्थली, बलेमेला, पाटन जेठी बहुरानी ढुंगा, भलाउने पाटन, जस्ता धार्मिक स्थलहरुले पर्यटकका लागि आर्कषकका केन्द्र बिन्दु मानिन्छन् ।

पौराणिक कालमा सिद्ध तथा ऋषिमुनीहरुले तपस्या गरेको यस क्षेत्र पुराणमा समेत 'खेचरादी' पर्वतका रुपमा समेत वर्णन गरिएको छ । खेचरादी पर्वतको नाम बिस्तारै खप्तड रहन गएको भन्ने जानकारहरु बताउँछन् । पौराणिक कालमा कौरव र पाण्डवको युद्ध हुँदा पाण्डवहरुले चौध वर्ष वनबास बस्दा केही समय खप्तडमा बिताएको किम्वदन्ती रहेको छ ।

खप्तडमा दोस्रो नम्बरका पाण्डव भीमले हलो जोत्दा फालीले फ्याँकेको माटोबाट थुम्का (झोती) बनेका भन्ने पनि किंवदन्ती रहेको छ । यस बर्ष दशहरा मेलालाई व्यवस्थित बनाउन जाँडरक्सी पूर्णरुपमा बन्देज गरिएको छ । नागरिकहरुलाई स्वस्थ्य उपचारमा सहज होस् भनी नेपाली सेनाले स्वास्थ्य शिविरको आयोजना समेत गरिएको छ । खप्तड क्षेत्र ५० वर्ष पहिले खप्तड बाबाले तपस्या गरेको पवित्र ठाउँ पनि हो । खप्तडमा खप्तड बाबाको आगमनपछि स्थानीयले राजा विरेन्द्रलाई आग्रह गर्दा २०४२ सालमा खप्तडलाई राष्ट्रिय निकुञ्जको रुपमा घोषणा गरिएको थियो ।


लोकसेवा आयोगको
प्रतिबद्धता
योग्यता, स्वच्छता र
निष्पक्षता

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Remember us for the Construction
of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

प्रेरक

## "मन्दबुद्धि" का बालक



चार वर्षीय एक बालक अलि कम सुन्थे। एक दिन उनी निराश हुँदै स्कुलबाट घर फर्किए। उनको खल्तीमा शिक्षकले एउटा पत्र राखिदिएका थिए। उनले त्यो पत्र आमालाई दिए। पत्र पढ्दै गर्दा आमाको अनुहार क्रोधले रातो भयो। किनकि पत्रमा लेखिएको थियो- तपाईंका छोरा निकै सुस्त र मन्दबुद्धिका छन्। उनले कुनै हालतमा पढ्न सक्दैनन्। हामीले उनलाई स्कुलबाट निकाल्ने निर्णय गरेका छौं। भोलिदेखि उनलाई स्कुल नपठाउनुहोला।

भोलिपल्ट बालककी आमा स्कुल पुगेर छोराको पक्षमा बोल्दै भनिन्- सरहरू, तपाईंहरूले सोचेजस्तो मेरो छोरो सुस्त र मन्दबुद्धिको छैन। उसले सिक्न सक्छ भन्नेमा मलाई पूर्ण विश्वास छ। त्यसैले, सक्नुहुन्छ भने उसलाई स्कुलबाट ननिकालिदिनुहोस्। तर, आफूलाई लागेको विषयमा निर्णय लिन तपाईंहरू पूर्णतः स्वतन्त्र हुनुहुन्छ। तपाईंहरूले निकालिदिनुभयो भने पनि उसलाई म आफैं पढाउनेछु। उनको कुरा सुनिसकेपछि पनि स्कुलले ती बालकलाई पढाउन नसक्ने निर्णय सुनायो।

स्कुलले छोरालाई निकाले पनि आमा विचलित भइनन्। उनले घरमै छोरालाई पढाउन थालिन्। अन्ततः सुस्त र मन्दबुद्धिको भनी स्कुलबाट निकालिएका ती बालकले पढाइमा प्रगति गर्दै गए। स्कुलबाट निकालिएपछि उनी स्कुल त गएनन्, तर स्वाध्ययनबाटै प्रशस्त ज्ञान हासिल गरे र आफूलाई इतिहासकै अब्बल वैज्ञानिकका रूपमा स्थापित गर्न सफल भए। ती बालक अरू कोही नभई चर्चित वैज्ञानिक थोमस अल्वा एडिसन थिए। जसले जम्मा तीन महिना मात्र औपचारिक शिक्षा लिने मौका पाएका थिए।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अवसरका लागि केही दौडधुप गर्नुपर्ला। काम थाल्न समय लागे पनि सम्भावना खोजी गर्ने समय छ। आजको मिहिनेतले भविष्यमा नाम, दाम र प्रतिष्ठा दिलाउन सक्छ। अध्यात्मभाव जागृत हुनाले परोपकारी काममा प्रवृत्त भइनेछ। दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ। सामाजिक दायित्व पनि बढ्नेछ। तारिफयोग्य कामले लोकप्रियता दिलाउनेछ।

### बृष

स्वास्थ्य कमजोर रहनाले लक्ष्यमा पुग्न समस्या पर्नेछ। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। शुभचिन्तकसमेत प्रतिपक्षीको प्रभावमा आउन सक्छन्। सहयोगको तत्परता देखाउनेहरू पछि हट्नेछन्। आँटेको काम समयमा नबन्न सक्छ। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा ध्यान पुर्‍याउनुहोला। उपलब्धिका लागि केही दिन प्रतीक्षा गर्नुपर्ला।

### मिथुन

माहोल रमाइलो रहनेछ। प्रयत्न गर्दा आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। मानसम्मान प्राप्त हुनुका साथै सम्मानित कामको यश लिने अवसर छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ। तर, मनोरञ्जनमा अलमलिँदा चिताएको काम ढिलो सम्पादन हुनेछ। समस्या दर्साउँदा शुभचिन्तकहरूले साथ दिनेछन्। प्रेम र मित्रताको बन्धन पनि कसिलो हुनेछ।

### कर्कट

हल्लाको पछि लाग्दा दुस्ख पाइनेछ। अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्नेछ। प्रगतिमा ईर्ष्या गर्नेहरूले दुस्ख दिनेछन्। व्याहारिक समस्याले योजना रोकिन सक्छ। कामको चाप बढ्नेछ भने स्वास्थ्यले त्यति साथ नदिन सक्छ। मिहिनेतको नतिजा चित्तबुझ्दो नआउन सक्छ। प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले अग्रता दिलाउन सक्छ।

### सिंह

समयको मागलाई विचार गरेर अघि बढ्नुहोला। बिस्तारै कर्मयोगले भविष्यको बाटो समाउनेछ। मिहिनेतले काममा सफलता दिलाउन सक्छ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। शुभचिन्तकहरूले साथ दिए पनि आफ्नै सक्रियताले मात्र दिगो लाभ उठाउन सकिनेछ। अध्ययनमा धेरै समय दिन नसकिएला। काम रोकिनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ।

### कन्या

परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम बिग्रन सक्छ। तापनि, मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्दा लाभ हुनेछ। पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ। भूमि तथा पशुधनबाट लाभ मिल्नेछ। टाढिएका आफन्त नजिकिनेछन्। मिहिनेतले फाइदा दिलाउनेछ। अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुपर्ला।

### तुला

अवसर आए पनि बेलामा होस नपुर्याउँदा समस्या आउनेछ। आत्मविश्वासको कमीले पछि परिनेछ। परिस्थितिले सोचेभन्दा फरक मोड लिने हुँदा सञ्चित रकम खर्चनुपर्ला। सामान्य आम्दानी भए पनि काम पूर्ण सम्पादन नहुन सक्छ। आफ्ना कमजोरीबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। शुभचिन्तकलाई बेवास्ता गर्दा पनि दुस्ख पाइनेछ। खर्च हुने डरले सताउन सक्छ।

### वृश्चिक

ढिलै भए पनि रचनात्मक काममा जुट्ने समय छ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। बोलीको भरमा काम सम्पादन हुनेछ। व्यापारमा सामान्य फाइदा हुनेछ। गरिएका कर्मको प्रतिफल पाइनेछ। तर, हिसाबकिताबमा होसियार रहनुहोला। सम्पादित कामबाट मनग्गे धन लाभ हुनेछ। मिहिनेतले आम्दानी बढ्नेछ भने पछि फाइदा हुने काममा सम्झौता हुन सक्छ।

### धनु

रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढ्नेछ। विशेष अवसरले प्रसन्नता दिलाउनेछ भने सहयोगीहरूको साथले काममा उत्साह जगाउनेछ। विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ भने आकर्षक उपहार प्राप्त हुन सक्छ। तर आगन्तुकले अलमल्याउने हुँदा काममा विलम्ब हुनेछ। आलस्य गर्ने बानीले पनि अलि पछि परिनेछ।

### मकर

आकस्मिक कामले खर्च बढाउन सक्छ। सञ्चित रकम अरूलाई सरसापट दिनुपर्ने हुन सक्छ। परिवारजनबाट टाढिनुपर्ला। अरूलाई समय दिँदा आफू पछि परिनेछ। अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुटाउन सकिनेछ। विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ। तर करकापमा परी काम वा विशेष निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ।

### कुम्भ

अवसर पाइनेछ र मिहिनेतले लक्ष्यमा पुर्याउनेछ। दिगो फाइदा हुने काम हातलागी हुनेछ। श्रमको उचित मूल्यांकन होला। पढाइमा प्रगति हुनेछ। व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। दिगो योजना प्रारम्भ गर्ने समय छ। श्रमको उचित मूल्य प्राप्त हुनेछ। सञ्चित धनको उपयोगले लाभ दिलाउनेछ। प्रतीक्षा गरिएको काम बन्नेछ भने उठ्नुपर्ने रकम पनि हातलागी हुनेछ।

### मीन

परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम दोहोर्‍याउनुपर्ला। अवसरका लागि विवादास्पद जिम्मेवारी पनि वहन गर्नुपर्ला। नियमित काम सम्पादन भए पनि निर्णायक मोडमा दुविधा उत्पन्न होला। बेसुरमा काम गर्दा समस्या पर्नेछ। तापनि, बुद्धिको उपयोगले काम सम्पादन हुनेछ। आजको श्रमबाट पछिलाई फाइदा हुनेछ।

# राष्ट्रिय नाटक महोत्सव हुने



काठमाडौं। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले २ असारबाट काठमाडौंमा पाँचौं राष्ट्रिय नाटक महोत्सव-२०७६ आयोजना गर्ने भएको छ। प्रतिष्ठानकी प्रज्ञा परिषद् सदस्य एवं नाट्यकर्मी निशा शर्माले आइतबार काठमाडौंमा पत्रकार भेटघाट आयोजना गर्दै महोत्सवबारे जानकारी गराइन्। नाटक महोत्सव सात दिनसम्म काठमाडौंको कालिकास्थानस्थित सर्वनाम थिएटरमा आयोजना हुनेछ।

२ असारबाट ८ असारसम्म हरेक दिन बेलुका ५:३० बजेबाट आफूहरूले दैनिक एउटा नाटक यो महोत्सवमा मञ्चन गर्ने पनि परिषद् सदस्य शर्माले प्रकाश पारिन्। महोत्वसमा २ असारमा उद्घाटन नाटकका रूपमा हिरा बिजुलीको निर्देशनमा कर्णाली थिएटर मुगुको नाटक 'पम्फा फूल' मञ्चन गरिँदै छ। यो नाटक स्थानीय लोक कथामा आधारित भएकाले यसलाई खस भाषामै मञ्चन गरिने भएको छ।

यस्तै, ३ असारमा प्रज्ज्वल पराजुलीको निर्देशनमा कलालय इटहरीद्वारा नाटक 'ईश्वरलाई चिठी' मञ्चन हुँदै छ। ४ असारमा मगर अध्ययन केन्द्र ललितपुरको प्रस्तुति तथा भीम मास्की रानाको निर्देशनमा गीतिनाटक 'जीवैमामा' मञ्चन गरिँदै छ।

यस्तै ५ असार साँझ नाटक 'घरभित्रको अर्को' क्षितिज नाट्य समूह फिदिम पाँचथरबाट निर्देशक जीवन बरालले प्रस्तुत गर्दै छन्। ६ असारमा तरंग सांस्कृतिक परिषद् हेटौंडाको प्रस्तुति र उज्ज्वल शर्मा भण्डारीको निर्देशनमा नाटक 'अमरसिंहको खोजी' मञ्चन गरिनेछ। सो महोत्सवमा ७ असारमा रंगकला गोरखाको प्रस्तुति तथा रामबाबु रेग्मीको निर्देशनमा नाटक 'विकाश भर्सेज निकास' र महोत्सवको अन्तिम दिन ८ असारमा एम आर्ट थिएटर नेपालगन्जको प्रस्तुति र वीरेन्द्र हमालको निर्देशनमा नाटक कजरी मञ्चन गरिने भएको छ।

## जात्रै जात्रा' पाँचौं हप्तामा




जेठको ३ गतेबाट रिलिज भएको चलचित्र ' जात्रै जात्रा'को यात्रा भने ५१ दिनको बाटोमा देखिएको छ। नयाँ नेपाली चलचित्रले गतिलो व्यापार नगर्नु र बलिउड चलचित्रको प्रभाव पनि बलियो नहुनुको फाइदा 'जात्रै जात्रा'ले उठाएको छ। चलचित्र 'जात्रै जात्रा' पाँचौ हप्तामा प्रवेश गरेको छ। पाँचौ हप्ताको शनिबार पनि चलचित्रले पाएको शोजमा दशकको अकुपेन्सी उच्च थियो। यसकारणले पनि यो चलचित्रले केही मल्टिप्लेक्समा ५१ दिनको यात्रा तय गर्ने विश्लेषण गरिएको छ।

निर्देशक प्रदिप भट्टराई निर्देशित चलचित्र 'जात्रा र शत्रु गते'ले हलमा ५१ दिन मनाएका थिए। 'जात्रै जात्रा' पनि ५१ दिनको बाटोमा लागेको छ। यसैले प्रदिप ५१ दिनको ह्याट्रिक गर्नेमा आशावादी देखिएका छन्। विपिन कार्की, वर्षा राउत, रविन्द्र झा, रविन्द्र सिंह बाँनिया अभिनित यो चलचित्रको बलियो वर्ड अफ माउथले यसको व्यापारको रफ्तार कमजोर नबनेको हो।


## मल्टिप्लेक्स हल खुल्दै



अहिले चलचित्र मात्र राम्रो बनेर हुँदैन। ती चलचित्रलाई देखाउने हल पनि सुविधा सम्पन्न हुन आवश्यक छ। दर्शक अहिले सुविधा सम्पन्न हलमा राम्रै रकम खर्च गरेर चलचित्र हेर्न चाहन्छन्। यसैले पनि अहिले देशभर नै मल्टिप्लेक्स हलको क्रेज बढिरहेको छ।

यसैबीच, काठमाण्डौको मध्य बाँनेश्वरमा २ पर्दाको मल्टिप्लेक्स हल खुल्ने भएको छ। असारको अन्तिमबाट हल संचालनमा आउने बताइएको छ। मध्य बाँनेश्वरमा रहेको 'आइ प्लेक्स मल'मा यो हल संचालनमा आउन लागेको हो। मल्टिप्लेक्स हलको नाम 'वान सिनेमाज' राखिएको छ। मलकै संचालकहरुले यो हल संचालन गर्न लागेका हुन्। हल संचालक मध्येका एक निर्माता प्रज्ज्वल शमशेशर राणाले भने-'हो हामीले ४ सय २५ क्षमताको २ पर्दा भएको मल्टिप्लेक्स हल संचालन गर्दैछौ। जसमा २ सय १० र २ सय १५ सिट क्षमताका २ पर्दा छन्।' उनका अनुसार, हलमा डबी साउन्ड, फोर के प्रोजेक्शनको साथमा सुविधा सम्पन्न सिट छ। उनले अहिलेसम्म यस्तो आरामदायी सिट अरु हलमा नभएको दाबी समेत गरे। बजारमा चलेको टिकट दरमै दर्शकले चलचित्र हेर्न पाउनेछन्। सबै भाषाका चलचित्र हलमा रिलिज गर्ने उनले सुनाए। मध्य बाँनेश्वरमा हल संचालन भएसँगै यो क्षेत्रका दर्शकको अन्य स्थानमा चलचित्र हेर्न जानुपर्ने वाध्यता हट्ने विश्वास हल संचालकहरुको छ।

## राजेश हमालले 'प्रेमगीत ३' नगर्ने



लामो समयदेखि चर्चामा रहेको फिल्म 'प्रेमगीत ३' मा अभिनेता प्रदीप खड्काको पिताको भूमिकामा अभिनेता राजेश हमाललाई अफर गरिएको थियो। निर्माण कम्पनी आशुसेन फिल्मस्का सन्तोष सेन र हमालबीच फिल्मलाई लिएर विभिन्न चरणमा छलफल समेत भएको थियो। स्क्रिप्ट सुनेपछि फिल्म गर्ने मनस्थिति बनाएका हमालले अन्ततः 'प्रेमगीत ३' नगर्ने भएका छन्। उनले भने, 'हामीले राजेश हमाललाई प्रदीपको पिताको भूमिका अफर गरेका थियौं। उहाँको राजाको भूमिका थियो। पछि उहाँले प्रदीपको दाईको भूमिका गर्ने इच्छा व्यक्त गर्नुभयो। हामी यसका लागि पनि तयार थियौं। केही दिन अगाडि हाम्रो सांग्रिला होटलमा अन्तिम छलफल भएको थियो। उहाँले सेड्युल मिलाएर खबर गर्ने बताउनुभएको थियो। तर, आइतबार उहाँको एक सदस्यबाट सेड्युल नमिलेका कारण फिल्म गर्न नसक्ने म्यासेज आएको छ।' हमालले फिल्म नगर्ने भएपछि निर्माता सेनले प्रदीपको पिताको भूमिकाका लागि सोमबारबाट कलाकार छनोटमा जुट्ने बताए। सकेसम्म उनी थिएटरका कलाकार लिने सोचमा छन्। थिएटरबाट नभए चलेका कलाकार नै अनुबन्ध गर्ने उनी बताउँछन्। यस फिल्ममा अभिनेता हमालको प्रवेश हुने चर्चाले दर्शकमा निकै उत्साह थपिएको थियो। पहिलो पटक प्रदीप र हमाललाई स्क्रिन साझेदार गरेको हेर्ने दर्शकको ठूलो इच्छा थियो। तर, त्यो पूरा हुन सकेन। केही हप्तादेखि निर्माण टिम 'गीत' क्यारेक्टरका लागि आवेदन दिएका युवतीहरुको अडिसनमा व्यस्त छ। केही दिनमा प्रदीपको अपोजिटका लागि एक युवती छनोट गरिने निर्माता सेनको भनाई छ। 'गीत' क्यारेक्टरका लागि २७ सय बढीले आवेदन दिएकोमा २५ जना 'सर्टलिस्ट' मा परेका थिए। यी मध्येबाट निर्माण टिमले उत्कृष्ट ६ समेत छानिसकेको छ। 'प्रेमगीत ३' लाई छेतेन गुरुङ र सन्तोष सेनले निर्देशन गर्दैछन्। फिल्म चैत २८ मा हलमा लाग्नेछ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Natation = पौडीसँग सम्बन्धित There are some institutes that offer courses in natation (पौडी सम्बन्धी व्यावहारिक तालिम (कोर्श) दिने इन्स्टिच्युटहरू पनि हुन्छन्)

Onus = जिम्मेवारी In order to escape the onus of signing the agreement, he resigned from his job (सम्झौतामा हस्ताक्षर गरी कामको जिम्मा लिनु पर्ला भनेर उसले जागिरबाट राजिनामा दियो)

Pylon = दिशा निर्देश गर्ने खम्बाहरू The illuminated pylons at the airport facilitate landing and takeoff (विमानस्थलमा रहेका बत्तीका खम्बाहरूले विमानको उडान र अवतरणलाई सजिलो बनाउँछन्)

Purge = अनावश्यक कुरा छाँटकाँट गर्ने As I found this article very much lengthy I suggested him to purge (यो लेख ज्यादै लामो भएको कारण मैले उसलाई अनावश्यक कुराहरू छाँटकाँट गर्ने सल्लाह दिएँ)

Rivulet = खहरे, सानो नदी During the rainy season even the rivulets cuts the banks (वर्षा भइरहँदा खहरेले पनि कटान गर्दछ)

Sycophant = चाकडीवाज, अनावश्यक रुपले प्रशंसा गर्ने व्यक्ति System collapses the system when sycophants have their say (चाकडीवाजहरूको हालमुहाली भयो भने कुनै पनि व्यवस्थाले काम गर्दैन)

Traumatic = दर्दपूर्ण Our defeat with East India Company was traumatic because with this we lost our territory of Tista and Kangda (इस्ट इन्डिया कम्पनीसँगको हाम्रो हार दर्दपूर्ण थियो किनकी त्यसको कारण हामीले टिस्टा र काँगडा प्रदेश गुमाएका थियौं)

Unfrock = नंग्याउनु To unfrock a priest is an extreme step so that it is done after due consideration (पुरोहितलाई नंग्याउनु भनेको चानचुने कुरा होइन विचार पुर्‍याएर मात्र गर्नु पर्दछ)

Vitreous = शिशा जस्तो देखिने Some of the plastics have vitreous qualities (केही प्लाष्टिकहरू शिशा जस्तो देखिन्छन)

Windfall = अप्रत्याशित रुपबाट प्राप्त, चिठ्ठा जस्तो Finding a job without hardship was a windfall for him (विना कोसिस भनेजस्तो काम पाउनु उसको लागि चिठ्ठा बराबरी थियो)

# Get बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Get off something = पठाउनु I must get these letters off as soonb as possible, मैले यी चिठीहरु सम्भव भएसम्म चाँडो पठाउनु पर्छ।

Get something off = फुकाल्नु She could not get her ring off because the finger was swollen औंला सुन्निएको कारण तिनले औंठी फुकाल्न सकिनन्।

Get off with something जोगिनु He was lucky to get off with the accident उ भाग्यमानी रहेछ दुघर्टनाबाट जोगियो।

Get somebody off with something = पार लगाइदिनु Your case is very complicated only a very food lawyer get you off with it तिम्रो मुद्दा धेरै जटिल छ, राम्रो वकिलले मात्र तिमीलाई यसबाट पार लगाइदिन्छ।

Get off with somebody = शारीरिक सम्पर्क गर्नु Nowadays she is geeting off with someother आजकाल तिनी अरु कोही सँगै शारीरिक सर्म्पक गर्छिन्।

Get on (along) at = प्रगति गर्नु His son is getting on (along) well at the school उसको छोराले स्कुलमा राम्रै प्रगति गरिरहेको छ।

Get along without = विना नसक्नु I can not get along with this work without an assistant विना सहयोगी म यो काम गर्न सक्तिन।

Get off = हिँडिहाल्नु Immediate after breakfast, they have to get off बिहानको खाना खाने बित्तिकै तिनीहरु हिँडिहाल्नु पर्छ।

Get on to somebody = कसैसँग सम्पर्कमा हुनु It is difficult to get on to him whenever you want तिमीले चाहेको बेलामा उसँग सम्पर्क हुन सक्तैन।

Get out = पर्दाफास हुनु The secret relations that they were enjoying have got out तिनीहरुबीचको गोप्य सम्बन्ध पर्दाफास भएको छ।

## सुडोकु-अंक १५६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ७ | | | | | |
| | ३ | १ | | | ६ | | | |
| | ९ | ४ | | | | ६ | १ | |
| | ५ | | | ४ | | | | ७ |
| | | ८ | | | | ५ | | |
| ६ | | | | २ | | | ३ | |
| | २ | ९ | | | | ३ | ६ | |
| | | | ३ | | | १ | ८ | |
| | | | | | ५ | | | |

## अंक १५५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ५ | ३ | ८ | ६ | २ | ४ | १ | ९ |
| ९ | ४ | ६ | ७ | ३ | १ | ८ | २ | ५ |
| २ | १ | ८ | ९ | ४ | ५ | ७ | ६ | ३ |
| ४ | ९ | ५ | १ | ८ | ३ | ६ | ७ | २ |
| ३ | ८ | १ | ६ | २ | ७ | ५ | ९ | ४ |
| ६ | २ | ७ | ५ | ९ | ४ | ३ | ८ | १ |
| १ | ७ | ४ | २ | ५ | ८ | ९ | ३ | ६ |
| ८ | ३ | ९ | ४ | १ | ६ | २ | ५ | ७ |
| ५ | ६ | २ | ३ | ७ | ९ | १ | ४ | ८ |

# शब्दचित्रमा डाक्टर तुलसी पाठक



Prof. Dr. Tulsi Prasad Pathak was born in Madanpokhara - 9, Palpa, Western part of Nepal. He received his Ph. D. Degree in Nuclear and Solid State Chemistry from the University of Poona, India in 1979.

He has experienced 37 years of teaching in Tribhuvan University. Prof. Dr. Pathak was former Executive Director of Research Center for Applied Science and Technology (RECAST) and senate member , Tribhuvan University ( 1998—2002 ). He was a visiting Professor of United Nations University in the Republic of Korea for the period of one year in 1986-87 and was also the attaché of 10th Asian Game in Seoul and Research fellow under DAAD/UNESCO for 18 months in Germany in (1981-83).

He has participated in International Seminar/Conferences in Bangladesh, China, India, Germany, Iran, Indonesia, Mongolia ,U.K., Philippines about 32 research papers in different Journals and Magazines. Dr. Pathak is in International Advisory Board The Word and I, a publication of the Washington Times. Prof. Pathak is a President of Professors World Peace Academy –Nepal Chapter. Ambassador for Peace awarded by Universal Peace Federation, Interreligious and International Federation for World Peace, 2006.Former Senate member of Tribhuvan University (1998-2002, 2007-2009 ) .

Former Head of the Department, Central Department of Chemistry, ( 2007-2009). At present, he is the Chairman of Chemistry subject Committee , Higher Secondary Education Board and Senate member of Tribhuvan University.

| | | |
|---|---|---|
| **Name** | : | **Prof. Dr. Tulsi Prasad Pathak** |
| **Short Name** | : | **Tulsi Pathak** |
| **Address** | : | Central Department of Chemistry, Tribhuvan University, Kirtipur, Kathmandu, Nepal |
| **Mailing Address** | : | P.O. Box- 1088, Kathmandu, Nepal<br>E-mail: tulsipathak2073@gmail.com |
| **Telephone** | : | 00977-1-4425815 (R), 4332034 (Off.) |
| **Mobile** | : | 9841326037 |
| **Date of Birth** | : | 6th August, 1946 |
| **Place of Birth** | : | Tansen Municipality Ward No. 8, Palpa, Lumbini Zone, Nepal. |
| **Qualification** | : | M. Sc. Chemistry, Tribhuvan University, Nepal, 1970<br>Ph. D. Chemistry, Poona University, India, 1979 |

**Position Held : Executive Director:**

* Research Centre for Applied Science and Technology (RECAST), Tribhuvan University, Kathmandu, Nepal (May 1, 1998 – April, 2002)
* **Head of the Central Department of Chemistry**: Tribhuvan University, Kirtipur, Kathmandu, Nepal (2007-2009 )
* **Chairman:** Chemistry Subject Committee, Higher Secondary Education Board, Nepal currently National Examination Board (2007 to 2016)

**HONOURS AND AWARDS:**

- Colombo Plan Scholar for Ph.D., Poona University, Pune, India, 1975-1979:
- DAAD/UNESCO Research Fellow, Karlsruhe University: Fed. Rep. of Germany, May 1981-July 1983.
- United Nations University Fellow at Korea Advanced Institute of Science & Technology (KAIST), Republic of Korea, 1986-1987.
- 'A' Gold Medal Mahendra Vidyabhushan Awarded by His Majesty's King Birendra in 1980.
- Education Award for Outstanding Contribution in Education at Tribhuvan University in 1988.
- DAAD Research Fellow, Research Institute for International Technical and Economic Co-operation (FIZ), Aachen University of Technology (RWTH), Germany, November 1,1996-January 31,1997.
- His Majesty's Accession to the Thrown Silver Jubilee Medal 1996-97 (B.S. 2053).
- Ambassador for Peace - Universal Peace Federation: Interreligious and International Federation for world Peace, 2006.

**EXPERIENCE (TEACHING AND RESEARCH)**

Four years of experiences in Sida sponsored RETs in Asia- Solar Drying Project as Project Director (1998-2002).

a) Professor: Central Department of Chemistry, Tribhuvan University, Kathmandu, Nepal since Aug. 1997.
b) Reader/Associate Professor in the Research Centre for Applied Science and Technology (RECAST) and part time teaching at the Central Department of Chemistry, Tribhuvan University, Kathmandu, Nepal. (Feb. 1981-July 1997).
c) One year experience as a Chemist in Nepal Bureau of Mines, Lainchour (1971).
d) Teaching experience as Asst. Lecturer and Lecturer in two colleges: Padma Kanya College, Kathmandu and Amrit Campus, Kathmandu (1971-1979).
e) 15 months Post Doctoral research on Radiation Chemistry in the Institute of Radio-Chemistry Nuclear Research Centre, Karisruhe University, Germany (1981-1983).
f) Three months research visit under DAAD follow-up programme in the research institute for International Technical and Economic Co-operation (FIZ), Aachen University of Technology (RWTH), Germany, November 1, 1996 - January 31, 1997).

**PARTICIPATION**

**BANGLADESH**

- International Conference on Renewable Energy for Rural Development (ICRERD-2002), Dhaka, Bangladesh, January 19-21,2002.

**REPUBLIC OF CHINA**

- Expert Group Meeting on Technology Management for Rural Industry, Hefei City, Anhui Province, Republic of China, October 25-28, 1999.
- Seventeenth Meeting of the Technical Advisory Committee and Sixteenth Session of the Governing Board of the Asian and Pacific Centre for Transfer of Technology (APCTT), Shanghai, People's Republic of China, Nov. 22-29, 2001. **Chaired** the Sixteenth Session of Governing Board of APCTT.

**INDIA**

- Indian Science Congress, Bhuvaneswar, January 1977.
- All India Symposium on Molecular Interaction, University, Tirupati, February, 1977.
- All India Symposium on Nuclear and Radiation Chemistry, Poona University, December 1977.
- International Solar Energy Congress, New Delhi, January 1978.
- Third Meeting of National Focal Points of Centre for Technology Transfer (RCTT), Bangalore, India, February, 1982.
- Promotion of the Asian and Pacific Centre for Transfer of Technology Re-planning Workshop, New Delhi, India, February, 8-11,1999.

**GERMANY**

- Participation of 18th International Seminar for Forschung und Lehre in Chemiengeniurwesen Technischer und Physikalischer Chemie an der Universitat Karlsruhe (TH), Germany, May 1981 - July 1983.
- Jordanian German Symposium on Mineral Resources Water and Industrial Development, Aachen University of Technology, December 5, 1996.

**ISLAMIC REPUBLIC OF IRAN**

- Fifteenth Meeting of the Technical Advisory Committee and Fourteenth Session of the Governing Board of the Asian and Pacific Centre for Transfer of Technology (APCTT), Kish Islands, Islamic Republic of Iran, November, 22-25,1999.

**INDONESIA**

- Sixteenth Meeting of the Technical Advisory Committee and Fifteenth Session of the Governing Board of the Asian and Pacific Centre for Transfer of Technology (APCTT), Bali, Indonesia, Nov. 27-30,2002.

**MONGOLIA**

- Twelfth ASTINFO Consultative Meeting and Regional Seminar/ Workshop on ICT and Knowledge Management, Ulaanbaatar, Mongolia, September 18-23,2000.
- Symposium on Collaboration between Industry Academia and Government for Technology Development, Ulaanbaatar, Mongolia, June 20-23, 2000.

**PHILIPPINES**

- China in a New Era: Continuity and Change the Third International Congress of Professors World Peace Academy. The Western Philippines Plaza Hotel, Manila, Philippines, August, 24-29, 1987.
- Fourteenth Meeting of the Technical Advisory Committee and Thirteenth Session of the Governing Board of the Asian and Pacific Centre for Transfer of Technology (APCTT), Manila, Philippines, November, 24-27,1998.

**THAILAND**

- The Renewable Energy Technologies in Asia: A Regional Research and Dissemination Programme (RETS in Asia) Annual Review Workshop, Asian Institute of Technology (AIT), Bangkok Feb. 1999, 2000, and March 2002.

**UNITED STATES OF AMERICA (U.S.A.)**

- Seventh International Congress of Professors World Peace Academy, Washington DC, U.S.A. November 23-29, 1997.

**UNITED NATIONS UNIVERSITY (UNU) FELLOW**

- One year visiting Professor at Korea Advanced Institute of Science and Technology. Seoul, Republic of Korea under UNU Fellowship for research on the Application of Science and Technology for Rural Development, March 13,1986 to March 12,1987.

**OTHER ACTIVITIES**

- A project handled in 1972 for establishing Chalk and Allied Industries at Patan Industrial Estate which was running successfully till May 1998.
- Involved in a research project under UN Financing System for Science and Technology Development Programme for the Dissemination of Science and Technology in solving problems of rural areas of Nepal. August 1983 to February 1986.

| | | |
|---|---|---|
| **Attache** | : | For the 10th Asian Games (Nepal Olympic Committee)<br>1986, Seoul, Republic of Korea |
| **President** | : | Professor World Peace Academy (PWPA) Nepal Chapter, (1984 to 2007 ) |

**MEMBERS**

— Life Member: Nepal Chemical Society, Tribhuvan University, Nepal.
— Technical Committee, Institute of Science & Technology, Tribhuvan University, Nepal, 1989.
— Life Member: Nepal German Academic Association (NEGAAS) Executive Member: 2011 to date
— International Symposium on Natural Products Chemistry National Organising Committee, Nepal, Feb. 12-15, 1990.
— Radiation Monitoring Committee, Royal Nepal Academy of Science and Technology (RONAST), Nepal.

**International Advisory Board**

— The World & I, A publication of the Washington Times Corporation 2450 New York, Washington DC, U.S.A., 1984 to date.
— Council for Nepalese Traditional Arts & Crafts.
— Research Co-ordination and Development Council, Tribhuvan University.
— Nominated as member of Research Centre for Applied Science and Technology Management and Development Council by Tribhuvan University, Kathmandu, Nepal on June 1997.
— Faculty member: Institute of Science & Technology, Institute of Medicine, Institute of Engineering, Institute of Forestry, Institute of Agriculture & Animal Science, Tribhuvan University (May 1998 - April 2002).
— Academic Council, Tribhuvan University, Kathmandu, Nepal (May 1998 - April 2002)
— Tribhuvan University Senate Member (May 1, 1998 to April 2002).
— Advisor : Nuclear Society of Nepal (2006 to date)
— Member: National Nuclear Science Advisory Committee, Ministry of Science and Technology, Government of Nepal (April 2016 to date)
— Member: Academic Council, Mid-Western University, Surkhet, Nepal (October 2017 to date).

| | | |
|---|---|---|
| **Publication** | : | Thirty six research papers published in different scientific journals and magazines. |
| **Language Known** | : | Nepali, English, Hindi, German and Korean. |
| **Visit** | : | India, Germany, United Kingdom, France, The Netherlands, Austria, Thailand, Hong Kong, Republic of Korea, Srilanka, Philippines, Japan, USA, China, Bangladesh, Kish Island (Islamic Republic of Iran) and Mongolia. |

**LIST OF PUBLICATIONS**

1. Recoil Chemistry of Dibromobenzene and Mono and Tribromoanilines, Arnikar H.J. Patnaik S.K. and Palhak T.P.S. Radiochimica Acta (Wiesbaden), 23, 167-169(1976)
2. Cathodic Process in Electrolytic Coloration of NaCl and KC1, Arnikar H.J. Bapat L.B. and Pathak T.P.S. J. Chimie Physique (Paris) 75, 59-62 (1978).
3. Liberation of $I_2$ and Aquoluminescence of Y irradiated alkali halides in Kl solution. Arkikar H.J. Bapat L.B. and Pathak T.P.S. Radiochemical and Radio Analytical Letter (Budapest) 26(6), 349 (1978).
4. Effect of F→M Photo transformation on Aquoluminescence from Irradiated Sodium Chloride, Arnikar, H.J. Bapat L.B. and Pathak T.P.S. Faraday Transaction (London) 75 844 (1979).
5. Radiation Chemistry of aqueous solutions of redox mixtures of S2O3 (i) NO (ii) $BrO_3$ (iii) $IO_3$ Arnikar, HJ. Patnaik S.K. Sarkhawas D.B. and Pathak T.P.S.Radiochimica Acta (wiesbaden) 24, 129, (1977).
6. Retention studies in Sodium and Potassium Perchlorates and Orthochlorobenzoic Acid. Arnikar H.J. Patnaik S.K. and Pathak T.P.S. Indian Journal of Chemistry (India) 17A 226 (1979).
7. Colour Centres in Irradiated Alkali Halides Crystals Patnaik S.K. and Pathak T.P.S. Utkal University Journal Bhuwaneswar, India (1979).
8. Thermal Annealing of Damage $^{128}I$ in solid lodoform, Patnaik S.K. and Pathak T.P.S. Journal of Institute of Science, Kathmandu (Nepal) 2,63 (1979).
9. Scope of Ceramic Industry in Nepal. Pathak T.P. Audyogik Alok, Coronation Issue (Patan Industrial Estate, Nepal) 1972.
10. Radiation Chemical Reactions with Br. (IV) Patnaik, S.K. and Pathak T.P.S.Journal of Institute of Science, Kathmandu, Nepal, 3,31. -36 (1980).
11. Untersuchungen des Einflusses Von Natriumchlorid auf des Analytische Signal bei der emissionsspektroskopischen spurenbestimung in einem Argon- Hochfrequenz- Plasma (ICP-OES) Inductively Coupled Plasma Optical Emission Spectroscopy T. Pathak, E. Mainka Und H. Ache International Seminar fuer Forschung Und Lehre in Chemeinigenieurwesen Teshnischer und Physikalische Chemi an der Universitat Karlsruhe (TH) Germany, 18, 87-96 (1982).
12. Gobar Gas Plant in Palpa district of Nepal, T. Pathak, Darpan, 36-138 (1983).
13. Eight Traditional Technologies in Nepal, S. Singh, V.M. Shrestha, and T.Pathak, Research Centre for Applied Science and Technology, T.U. Kirtipur, Kathmandu, Nepal (1984).
14. Positions of Science and Technology Policy (Country Presentations) Ramesh Man Singh and Tulsi Pathak, Proceedings of the International Workshop on Formulation of Science and Technology Policy, Seoul, Republic of Korea Nov.19-28 (1986).
15. Effect of Sugarcane supplemented straw-Manure silage on palatability and Digestibility in Sheep. Tulsi Pathak and N.H. Lee, Korean Journal, Anim. Sci (Republic of Korea) 29 (i) 37 - 43 (1987).
16. A report on Application of Science & Technology for Rural Development, Tulsi Pathak, Korea Advanced Institute of Science & Technology, Seoul, Republic of Korea, 1987.
17. New Technology and Improvement of Paddy Storage System. Tulsi Pathak Punya - Vani, International Edition, Kathmandu, June - Aug. 13-14, (1988).
18. The Changed Situation and role of Professors World Peace Academy in Nepal. Tulsi Pathak and T.C. Majupuria. Society in the 21st Century: Opportunities and Dangers. The Fifth International Congress of Professors Worlds Peace Academy, Hotel, Inter - Continental, Seoul, Korea, August 20-24; (1992).
19. Relevance and Role of Science and Technology Parks in Economic Development Tulsi P. Pathak Proceedings of International Seminar on Setting and managing Science & Technology Parks TECHNOPARK, Trivandrum, India; July 28-30 (1994).
20. The Future of the Family: Nepalese Perspective: Tulsi Prasad Pathak. Sixth International Congress of Professors World Peace Academy Seoul, Korea, August 21-25, 1995.
21. Report of the Study visit to the Federal Republic of Germany under the German Academic Exchange Service (DAAD) Programme Tulsi Prasad Pathak. Research Institute for International Technical and Economic co-operation (FIZ) Rheinisch West-falische Technische Hochshule (RWTH) Aachen Federal Republic of Germany, January 31, 1997.
22. Identity and Character : Seventh International Congress of Professor World Peace Academy. The Washington Hilton and Towers, Washington DC, USA Nov. 24-29, 1997.
23. Present Status of Technology Transfer in Nepal - Country Paper T. P. Pathak.Fourteenth Meeting of the Technical Advisory Committee of the Asian and Pacific Centre for Transfer of Technology (APCTT), Manila, Philippines,November 24-27,1998.
24. Technology Management for Rural Industrialization in Nepal - Country Paper, T.P. Pathak and T.B. Karki. Meeting on Technology Management for Rural Industry, Hefei City Anhui Province, China, October 25-28, 1999.
25. Research and Development Needs and Technology Transfer in Nepal - Country Paper. T.P. Pathak. Asian and Pacific Centre for Transfer of Technology (APCTT) Kish Island, Islamic Republic of Iran, November 23-24, 1999.
26. Impact of Globalization in Nepal. T.P. Pathak and A. S. Tamrakar, 8th Professors World Peace Academy (PWPA) International Congress 2000. Seoul,Republic of Korea, Feb. 10-14, 2000.
27. Exploration and Development of Geothermal Energy in Nepal World Geothermal Congress, Kyushu-Tohoku, Japan, May 28-Jun 10, 2000.
28. Application of Solar Drying Systems in Rural Nepal. C.B. Joshi, B.D. Pradhan and T.P. Pathak. World Renewable energy Congress VI (WREC 2000) Brighton, UK 1-7 July 2000.
29. Development of a simple modular type of Solar Rack Dryer for rural use. C. B.Joshi and T.P. Pathak. Proceeding of International Conference on Renewable Energy for Rural Development (ICRERD-2002), Dhaka, Bangladesh, 19-21, January 2002.
30. Perspective vision of RECAST, Tribhuvan University (T.U.), Special Bulletin July 2002.
31. Nuclear Hazards and the Challenges to Peace. Tulsi Prasad Pathak, Journal of AAPSO Nepal, December 10, 2004.
32. Bisphotak Padartha (in Nepali), Gyanbindu, Yearly Nepali Magazine, 2014.BOOKS

1. Rectified Chemistry Class XI
2. Rectified Chemistry Class XII
3. Aanavik Yuddha Santrash ra Nepal ( in Nepali), 2016

## रणबहादुर...

व्यक्ति र उनीहरूका आफन्तबाहेक धेरैको बिर्ता र गुठीहरण भएको इतिहास छ । कतिपयले रणबहादुरले ब्राह्मण महिलासँग विवाह गर्दा ब्राह्मणहरू रुष्ट भएको र उनीहरूकै कारण आफू सत्ताच्युत हुनुपरेको झोँकमा उनले त्यस्तो गरेको लेखेका छन् ।

तर, त्यसवेलाका विभिन्न प्रमाणका आधारमा त्यो कुरा पुष्टि नहुने देखिएको इतिहासकारहरूको मत छ । रणबहादुर शाहले नेपाल आएर शासन सम्हालेपछि नेपाल र ब्रिटिस(भारतसँग सम्बन्ध बिग्रिएको भन्ने विवरणहरू विभिन्न पुस्तकमा पाइन्छन् । त्यसकारण जुनसुकै वेला हमला हुन सक्ने स्थिति बनेकोले रणबहादुरले नेपाली फौजलाई बलियो पार्न 'ब्राह्मणहरूको बिर्ता र देवी देवताको गुठी हरण गरेको' इतिहासकार चित्तरञ्जन नेपालीको दाबी छ ।

उनले आफ्नो पुस्तक 'श्री ५ रणबहादुर शाह' मा लेखेका छन्, 'त्यसबखतको सरकारी कोषको साधारण आयबाट मात्र फौजलाई पुनर्गठन गरी सुसंगठित गर्न तथा नयाँ ढंगबाट तालिम दिलाउन आवश्यक खर्च पुग्दैनथ्यो (पृ. ७५) ।' नेपालीले आफ्नो पुस्तकमा शाहको कदमको बचाउ गरेका छन् । उनी लेख्छन्, 'त्यस बखतको अधिकांश जग्गा या त देवदेवताको गुठीमा या ब्राह्मणहरूको बिर्तामा दरिएको हुन्थ्यो । सोही बिर्ताहरण गर्ने उनले विचार गरे ।'

रणबहादुर शाहले त्यसबेला सबैखाले बिर्ता र गुठीको हरण भने गरेका थिएनन् । उनले छानेर केहीको बिर्ता र केही गुठी हरण गरेको नेपालीकै यो लेखाइबाट पनि पुष्टि हुन्छ -'त्यस बखत अरू काजी सरदारहरूको पनि बिर्ता नभएको होइन, तर पनि फौज सम्बन्धी काममा खर्च गर्नका निमित्त हरण गर्ने जुन उद्देश्य थियो, त्यसबाट काजी, सरदार आदि फौजका उच्च पदाधिकारीहरूकै बिर्ता हरण गरेमा सो उद्देश्य पूरा हुनुको साटो उल्टो प्रतिक्रिया पर्न जाने सम्भावना भएकाले उनीहरूको बिर्तालाई नछोइकन केवल ब्राह्मणहरूको बिर्ता र देवदेवताको गुठी मात्र हर्ने निर्णय गरिएको होला, जुन कि वीरताका आधारमा अर्जित पनि थिएन (पृ. ७५) ।'

अझ नेपालीले त 'ब्राह्मणहरूले खुसी मनले दिन राजी भएपछि रणबहादुरले त्यस्तो कदम चालेको' दाबीसमेत गरेका छन् । तर, त्यसरी हरण भएको बिर्ताको पछि सट्टाभर्ना दिइएको प्रमाणहरू भेटिएको इतिहासकारहरूले लेखेका छन् । १८६२ मा रणबहादुरले हरण गरेको बिर्ता र गुठी जग्गाको जंगबहादुरको सिफारिसमा राजा राजेन्द्र विक्रम शाहले १९०३ मा सट्टाभर्ना गरिदिएको त्यसवेलाको लालमोहरमा उल्लेख छ । नेपालीकै पुस्तकमा प्रकाशित उक्त लालमोहरको नक्कलमा लेखिएको छ- '६२ मा हरण भयाका तिमिहेरूका विर्ता र (देव देवता) का गुठी षेत पाषाको मध्येश पहाडका वैरान पर्ती वाझा जमिनमा हाम्रा हुकुमले लाल मोहर भै बंद भयाका जग्गा र गौचर सन्धी सर्पन पर्न्या जग बाहिरका जगामा सट्टा लिनु भनी जगा अवाद गर्नालाई यथाशक्ति रुपैया बक्स्यौं'. (पृ. ७६(७७) ।'

कतिपय इतिहासकारका अनुसार नेपालमा त्यसवेला रणबहादुर शाहमा शासनसत्ताको खासै अधिकार नभएकाले उक्त कदमको सबै योजना मुख्तियार भीमसेन थापाले बनाएका थिए । इतिहासकार बाबुराम आचार्यले त्यस्तै संकेत गर्दै 'नेपालको संक्षिप्त वृत्तान्त' मा लडाइँका लागि सैन्य शक्ति बलियो बनाउन भीमसेन थापाको योजनामा 'बासट्टीहरण' भएको उल्लेख गरेका छन् । उनले लेखेका छन्, 'लडाइँका निमित्त मोर्चा खोल्ने तथा बिर्ताहरूको अपहरण गर्ने काम पनि 'जनरल' भीमसेन थापाले गरेका थिए र पक्षपात पनि यिनबाट नै भएको थियो । तर, यसको दोष जति त्यतिवेला स्वामी महाराज रणबहादुर शाहमाथि थोपरिएको थियो । यथार्थमा यतिवेला स्वामी महाराज रणबहादुर शाहमा न कसैलाई बिर्ता दिनसक्ने अधिकार रहेको थियो, न त अपहरण गर्नसक्ने अधिकार नै यिनमा रहेको थियो (पृ. ३४५) ।'

त्यसवेला भीमसेन थापाले किन यस्तो गराउनुपर्यो भन्नेमा आचार्यले पनि सैन्य बल कमजोर भएर नै त्यस्तो गरिएको लेखेका छन् । उनका अनुसार, 'विसं. १८६२ मा कागँडा राज्यमाथि आक्रमण गर्नका निमित्त थप सैनिकहरू पठाउन सैनिकहरूको संख्यामा वृद्धि गर्नुपर्ने आवश्यकता अनुभव हुन आएको' थियो । त्यसवेला सैनिकलाई मासिक रूपमा नगद तलब दिने चलन थिएन । त्यसको सट्टा 'खान्गीका रूपमा जग्गाहरू दिने प्रचलन चलिआएको' आचार्यले लेखेका छन् ।उनका अनुसार, 'राज्यको विस्तारको साथसाथै सैनिकहरूको संख्या पनि निरन्तर बढाउँदै ल्याउन आवश्यक हुँदा राज्यका सम्पूर्ण रैकर जमिनहरू खान्गीहरूका रूपमा वितरण गरिसकिएका थिए । आचार्यले लेखेका छन्, 'जगेडा रैकर जमिनहरू प्रायः छदैं थिएनन् । यस परिस्थितिमा बिर्ताका रूपमा वितरण गरिएका जमिनहरू अपहरण गर्नुभन्दा बाहेक अर्को विकल्प नेपाल सरकारसँग बाँकी थिएन । यसैले ब्राह्मणहरूको 'कुश(बिर्ता)' तथा देवदेवीका गुठीहरूसमेत-'पछि फिर्ता गर्ने' शर्तमा जफत गरिए । यसरी अपहरण गरिएका बिर्ता तथा गुठी जग्गाहरू सबै नै रैकरमा परिणत गराई सैनिकहरूलाई खान्गीहरूका रूपमा दिइएका थिए ।'

रणबहादुर शाहको पालामा पनि गुठी र बिर्ता खोस्दा आन्दोलन भएको इतिहासकारहरूले लेखेका छन् । नेपालको अथ-राजनीतिका इतिहासकार एवं म्यागसेसे पुरस्कार पाउने प्रथम नेपाली नागरिक महेशचन्द्र रेग्मीलाई उद्धृत गर्दै त्यसवेला पनि बिर्ता र गुठी खोसिनेहरूले विरोध जनाएको भूमीसम्बन्धी अध्येताहरूले उल्लेख गरेका छन् ।

अंग्रेजी भाषामा नेपाली अर्थ-राजनीतिक इतिहासका धेरै पुस्तक लेखेका उनले त्यसवेला विशेषगरी, बिर्तावालाहरूले विरोध जनाएको लेखेको अध्येताहरूले उल्लेख गरेका हुन् । उनको पुस्तक 'अ स्टडी इन नेपाली इकोनोमिक हिस्ट्री, १८६८(१८४६' मा 'बासट्टीहरण'विरुद्ध पश्चिम नेपालको तनहुँलगायतका पहाडी जिल्लाहरूमा विरोध भएको उल्लेख गरिएको अध्येताहरूले लेखेका छन् । 'ल्यान्ड पोलिटिक्स एन्ड कन्फ्लिक्ट इन नेपाल : रियालिटिज् एन्ड पोटेन्सियल्स् फर एग्रेरियन ट्रान्सफरमेसन' नामक पुस्तकमा जगत बस्नेतले रेग्मीको उक्त पुस्तकलाई उद्धृत गर्दै 'पश्चिम नेपालका पहाडमा हिंसात्मक झडपहरू भएको' लेखेका छन् । त्यस्ता विरोधीहरूलाई तह लगाउन 'सरकारले कडा रवैया अपनाएको र विरोध गर्नेहरूका नाइकेलाई हतकडी लगाएर काठमाण्डू ल्याइएको' उक्त पुस्तकमा उल्लेख छ (पृ. २४) ।

रेग्मीको पुस्तक उदृत गर्दै बस्नेत लेख्छन्, 'सन् १८०५ (विसं. १८६२) मा पश्चिम पहाडका ब्राह्मण बिर्तावालाहरूले गरेको विरोध यति तीव्र भयो कि सरकारले उनीहरूलाई राहदानी नलिइकन काठमाण्डू प्रवेशमा रोक लगायो ।' तर कतिपय इतिहासकारहरू बिर्ताहरण विरोधी गतिविधि बढेपछि काठमाण्डू आउन त्यसबेलाको सरकारले राहदानी लिनुपर्ने व्यवस्था गरेको भनिएको कुरासँग सहमत छैनन् । उनीहरूका अनुसार त्यस्तो व्यवस्था काठमाण्डूबाट बाहिर जाने र काठमाण्डूमा आउने दुवैका लागि गरिएको थियो र यो बासट्टीहरणसँग मात्र सम्बन्धित छैन ।' रणबहादुर शाहका वेलामा कति बिर्ता र गुठी हरण गरियो भन्नेबारे इतिहासकार महेशचन्द्र रेग्मीले विवरणहरू संकलन गरेको पाइन्छ । उनले प्रकाशित गर्ने रेग्मी रिसर्च सिरिजको सन् १९७९ डिसेम्बर १ मा प्रकाशित अंकमा त्यसको विस्तृत विवरण उपलब्ध छ । उक्त विवरणअनुसार नेपालका विभिन्न स्थानमा गरेर कुल सात लाख ७४ हजार ८४ मुरी धानखेत बराबरको बिर्ता र गुठी सरकारले हरण गरेको थियो । काठमाण्डू उपत्यकाभित्र मात्र गुठी र बिर्ता गरि ३३ हजार १ सय ९० मुरी धानखेत हरण भएको थियो । त्यसमध्ये बिर्ताको २३ हजार ४ सय १३ र गुठीको ९ हजार ७ सय ७७ मुरी धानखेत हरण भएको तथ्यांक छ ।

त्यस्तै, काठमाण्डू पूर्व सिन्धुपाल्चोकतर्फ, तामाकोसी(दूधकोसी क्षेत्र, दूधकोसी(अरुण क्षेत्र अर्थात् माझकिराँत, नुवाकोट क्षेत्र, त्रिशूली-गण्डकी क्षेत्र, गण्डकी-दरौंदी क्षेत्र, मर्स्याङ्दी क्षेत्रलगातयमा पनि बिर्ता र गुठी हरण भएको उक्त विवरणमा उल्लेख छ । रेग्मीले कतिपय जिल्लाहरूको भने जिल्लागत विवरणसमेत त्यसमा समावेश गरेका छन् । (बिबिसीबाट)

## शान्तिपूर्ण...

न्युजील्यान्ड र क्यानडा आफ्नो स्थानमा पूर्ववत कायम रहेका छन् । पोर्चुगल, सिंगापुर र स्लोभानिया दुई दुई स्थानमाथि उक्लिएका छन् । ग्लोबल पिस इन्डेक्सका अनुसार नेपाल १२ स्थानमाथि उक्लेको छ । अफगानिस्तान विश्वकै सबभन्दा कम शान्तिपूर्ण देश बनेको रिपोर्टमा सूचीकृत गरिएको छ । यस अघि सिरिया विश्वकै कम शान्तिपूर्ण देश रहेको सूचकांकले देखाएको थियो । सोमालिया, इराक, यमन, दक्षिण सुडान र सिरिया सूचकांकमा अफगानिस्तानसँगै नजिक रहेका छन् । यमनलाई पहिलो पटक पाँच सयभन्दा कम मुलुकमा सूचीबद्ध गरिएको छ ।

सार्क मुलुकहरुमा भुटान १५ औं स्थानमाथि उक्लिँदै यो क्षेत्रकै सबभन्दा शान्तिपूर्ण मुलुकका रुपमा सूचीबद्ध छ । श्रीलंका ७२ औं दुई स्थान तल झरेको छ । बंगलादेश चौथो स्थानबाट ९ स्थान तल झर्दै १०१ औं स्थानमा छ । पाँचौंमा भारत ४ स्थान तल खस्किँदै समग्र सूचीमा १४१ औं र पाकिस्तान समग्र सूचीमा दुई स्थान तल झर्दै १५३ औं स्थानमा रहेका छन् । माल्दिभ्स सूचीमा समावेश छैन ।

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-७



खोमदत्त बराल

२०६८/१/२० सात बजेतिर अग्राको लागि बस चढियो । करिब ३० कि.मि बाटो उभिएर यात्रा गरियो । बिद्यार्थिहरु जाँच दिन हिडेकाले बस भरिभराउ थियो । २४ कि.मि बाटो भने रमणिय थियो । एउटा साइजमा तीन लेनको बाटो अर्को उत्तिनै बिचमा फूल रोपेको बगेन मिल्ला फूल प्रशस्त भएको फूलेको रातो, सेता, पहेलो अलि भिरालो पारेर रोपेको सबैतिर राम्रो भएको । मनमोहक बगैंचाको एउटा बाटोबाट गाडी अघि बढ्यो । यति बेला नौं बजेको समय छ । मुगल गार्डन । आग्राको लाल किल्लाबाट मुगल गार्डन सम्म सुरुङ्ग थियो रे ।

हालमा स्वीमिङ्ग पूल सुकेको छ । उसमाथि मोतिलाल नेहरुको मूर्ति ठड्याइ एको छ । करिब ३०/४० फिट अग्लो छ । हेर्दा पनि राम्रो छ । पंडितजीले जायानका केटाकेटीलाई हात्ती पढाइएको बिषय हामी सानै हुदा पढेको थियो । लालकिल्ला दिल्लीको र यो आग्राको पनि अकबर वादराइले नै बनाएको रहेछ । तर यो हालमा उराठ लाग्दो भुगल गार्डन आर्कषक र मनमोहक छैन । यसले पर्यटकलाई खासै लोभ्याउन सक्ने देखिदैंन । ताज महलको पूर्वी क्षेत्रबाट यमुना नदी दक्षिण तर्फ सलल बग्दो रहेछ । उसपार सिरिस रातै फुलेको देखिन्छ । रुख बिरुवाहरु पानीपट्टी प्रशस्त देखिन्छ । रुख बिरुवाले आफ्नो सुघन्ध छर्नमा कुनै कसर राखेको छैन । मेरो दाइनेतिर मार्बलमा उमाजी बस्नु भएको छ । कालो सेतो मानिसहरु प्रशस्त छन् । एउटा सेति मोरिले हाफ्पेन्ट मात्र लगाएकोले भित्र पारदर्शी देखिदो रहेछ । यी सेता कस्ता सेतेका सन्तान लाजसरम सकिएका मानिसहरु । ओल्लो र पल्लो आगंनको किनारामा दुईटा अग्ला र ठूला तहदार खम्बा उठाइएका छन् । घाम पश्चिम पट्टि लागेकोले पूर्व पट्टिको ताजमहलको भाग सितल भइरहेको छ । यमुना नदिमा त्यति धेरै पानी नभए पनि हावा भने सरर्र चल्दै छ ।

बुढा बुढि तरुणा तरुणी वरिपारी भरी भराउ छन् । एउटाले दुई महिनाको नानी बोकेर पनि आएको छ । धन्नै हो मनको तिर्सना । यहाँ बसेर मिरा दिदीलाई फोन गरेको लागेन । कोर्ड नम्बर सोधेर गर्दा पनि लागेन । आग्रामा लाल किल्ला अकबरले बनाएको रे । लालको यस क्षेत्रमा के सन्दर्भ छ थाहा भएन । किल्ला भन्नाले शत्रुले आर्कमण गर्दा सहजै आफ्नो क्षेत्रभित्र प्रबेश गर्न नसकोस् भन्ने बिचारका खातिर अग्लो धेरै अग्लो पर्खाल बनाएर सहज शत्रु भित्र पस्न नसकोस् भन्ने नै हो । एकातर्फ पर्खाल अग्लो बनाउँने जमिन मुनी निकै गहिरो पारेर खोल्ने । चारैतिर पानीको पैनी जस्तो बनाउँने निकै ठूलो जो सहजै तर्न नसकीने गरी बनाइएको हुन्छ । सम्झन पर्ने कुराहरु जमिन माथि ठूला ठूला पर्खालहरु चारैतिर बनाउँने र सोहि अनुसार तलतिर पनि खाडलका रुपमा खनेर पर्खाल लगाउँने र त्यसमा भरी पानीले भरि दिने सहजै पार गर्न नसकिने गरी बनाइएको हुन्छ । यहि प्रकारको किल्ला डेनमार्क गएको समयमा रोजकिल्लोमा बनाएको यस्तै किल्ला हेर्न पाइएको थियो । अनि रामायणको सिरियल हेर्न मानिसहरु लाई पनि थाहा होला रबणको लंका भित्र पस्ने बेलामा उस्तै किला बनाएको र सतह भूभाग भन्दा तलको भागमा पानी भरेको पानी देखियो होला ।

यति बेला लाल किल्ला भित्र पसेर उकालो उकालो हुँदै लाल बिल्लाको एउटा गेटमा अघिल्लो भागमा बढिएको छ आट जस्तै उठाएर बनाएको रहेछ । उमाजी अलि गल्नु भएछ । आराम गर्दैछौं । भर्खरै रोटी खाएर आइयो । आठ रोटि एक दहि र मिक्स भेजिटेबललाई एक सय पचास रुपैया तिरीयो । अरु त अरु एक मिक्स भेजको असि रुपैया लियो । सेवा शुल्क भनेर रु १५ थप गरेको थियो सो भने कटाइयो । अरु कुरा ठिकै छ । तर गर्मिले भने हालत खेलाएको छ । यो चाहिँ ठाउ अलि उचाइ भएकोले हावा पनि चल्दैछ । लाल किल्लाबाट बाहिर निस्कीयो । अलि पर यु.पी. ८० एफ ९८१८ को अटो रिक्सा राखिएको थियो । बिचरा मथुरा बस स्टेसन बाटै नौ बजे देखी नै हामीलाई सेवा उपलब्ध गराइ आएको थियो । मथुरा बस स्टपबाट रोयल ट्राभलको अफिसमा गएर टिकट काटियो । दिल्ली जाने गाडी साडे चार बजेको मात्र समय टिपाइएको छ । ट्राभलको कार्यालय पुग्न मुगल गार्डन घुमाएर अघि बढायो सिर कटायो । अलि माथि गए पछि घरेलु सामान बेच्ने ठाउँमा पुर्‍यायो । त्यहाँ करिब एक घण्टा नै बिताइएको थियो । सामान दुइ चार वटा खरिद गरियो । एउटा चाँदीको साडी सुन्नामा बिश्वास नलाग्ने पनि बत्तीको झलकमा फरक फरक रंग सिर्जना हुदो रहेछ । पसलमा नै बत्ति बालेर रंग बदलेर देखाएको थियो । ताज महलको सानो सानो नमुना पनि खरिद गरियो । साना साना अंस छुट्याएर जोड्न सकिने । बत्तिमा रंग फेरिने । राम्रै लाग्यो । पाँच सय रुपैयामा जुत्ता पनि किनियो । एउटा मच्छर नलाग्ने तन्ना भन्छ खरिद गरियो । एउटा माइनस ४० टिग्री ठण्डा हुने ठाउँमा पनि गरम हुने एउटा रजाइ खरिद गरिएको थियो तर पैसा कम हुँदै गएकोले त्यो चाहिँ फिर्ता गरियो । झण्डौं तीन हजारको सामान खरिद करिब डेढ घण्टा जती ताजमहलको दर्शनमा बिताइयो । त्यहाँबाट फर्कर आउँदा अटोरिक्सावाला कतै बाहिर गएका रहेछन् ।

*(क्रमशः)*

## नेपाली भाषामा...

२० अगस्ट १९९२ मा संवैधानिक रुपमा नेपाली भाषाले भारतीय भाषाको मान्यता पाएको चार वर्षपछि दार्जिलिङबाट सांसद बनेका आरबी राईले पहिलोपल्ट नेपाली भाषामा सांसद पदको शपथ लिएका थिए । अहिले २३ वर्षपछि दार्जिलिङकै नवनिर्वाचित भारतीय जनता पार्टीका सांसद राजु बिष्ट र सिक्किमबाट लोकसभा सांसद बनेका सिक्किम क्रान्तिकारी मोर्चाका इन्द्र हाङ सुब्बाले नेपाली भाषामा शपथ लिएका छन् । उत्तराखण्ड राज्यबाट भारतीय जनता पार्टीकी नेपाली भाषी सांसद मालाराज्य लक्ष्मी शाहले भने अंग्रेजी भाषामा शपथ लिइन् । स्मरण रहोस् सन् १८१६ को सुगौली सन्धिअघि उत्तराखण्ड भूभाग नेपालकै थियो ।

पवन चाम्लिङ सिक्किममा २५ वर्ष मुख्यमन्त्री रहे । भीम दहाल लगायत पटक पटक लोकसभा सांसद बने । तर उनीहरुले नेपाली भाषामा शपथ कहिल्यै लिएनन् । केही फुटकर कविता र गीत लेख्ने चाम्लिङलाई नेपालका केही स्वघोषित कवि र चाकडीदार पत्रकारले नेपाली भाषाका ठूला सेवक, महान साहित्यकार, पवित्र क्रान्तिका प्रणेताका रुपमा व्याख्या गर्दै भजन गाउन पछि परेनन् । तर अहिले चाम्लिङको मुख्यमन्त्री पद चिप्लिएपछि उनीहरु कुन दुलोमा पसेका छन् पत्ता छैन ।

## अत्यासलाग्दो...

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ७ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ९ दशमव ३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १० दशमलव ३ प्रतिशतले बढेको थियो ।

अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत) (नयाँ र वैधानिकीकरण)का आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या समीक्षा अवधिमा ३८ दशमलव ६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ३८ दशमलव ६ प्रतिशतले घटेको थियो । पुनः श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या भने समीक्षा अवधिमा ५ दशमलव ८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २ दशमलव २ प्रतिशतले घटेको थियो

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ११ दशमलव ७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ११ दशमलव १ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १९ दशमलव ८ प्रतिशतले बढेको छ । यस अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ८ दशमलव ७ प्रतिशत, ३२ दशमलव ८ प्रतिशत र ४७ दशमलव ८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो अंश क्रमशः ८ दशमलव ६ प्रतिशत, ३५ प्रतिशत र ४५ दशमलव २ प्रतिशत रहेको थियो ।

त्यस्तै, यस अवधिमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १७ दशमलव १ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १८ दशमलव १ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये समीक्षा अवधिमा वाणिज्य बैंकहरूको कर्जा १५ दशमलव ५ प्रतिशतले, विकास बैंकहरूको ३१ प्रतिशतले र वित्त कम्पनीको १६ दशमलव ६ प्रतिशतले बढेको छ ।

त्यसैगरी, राष्ट्र बैंकले पटकपटक गरी १ सय अर्ब ३५ करोड तरलता प्रशोचन गरेको छ । राष्ट्र बैंकले निक्षेप संकलन बोलकबोलमार्फत् ७९ अर्ब ६५ करोड र रिभर्स रिपोमार्फत २० अर्ब ७० करोड तरलता प्रशोचन गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा १३० अर्ब २५ करोड तरलता प्रशोचन गरेको राष्ट्र बैंकले जनाएको छ ।

## मालेको...

समाप्त गरी तिनलाई प्राधिकरणमा ल्याउन सरकार किन तम्सिएको हो ? स्पष्टै छ, यस्तो प्रावधान भूमाफीयाहरूको हितमा मात्र आउन सक्तछ । दोश्रो कुरा, सरकार नै पश्चिमाहरूको सँस्कृति भित्र्याउन लागि परेको अवस्थामा यहाँको सँस्कृति र परम्परालाई जसोतसो धानीरहेका गुठीहरूको स्वामित्वबाट गुठीयारहरूलाई बञ्चित गर्दा के कुरा कमजोर हुन्छ ? यहाँको सँस्कार र सँस्कृति अलपत्र पर्छ, कमजोर हुन्छ । त्यसकारण यस्ता नकारात्मक परिणामबाट मुलुकलाई बचाउन उक्त विधेयकलाई सरकारले अबिलम्ब फिर्ता लेओस् भनी हामी माग गर्दछौं ।

२. उक्त विधेयकको विरोधमा गुठीयारहरूले काठमाण्डौमा गरेको शान्तिपूर्ण प्रदर्शनप्रति नेकपा (माले) को दृढ समर्थन र ऐक्यवद्धता रहेको छ । त्यसमाथि गरिएको प्रहरीको दमनकारी बर्बर हस्तक्षेप निन्दनीय छ । उक्त दमनकारी कृत्यको हामी घोर बिरोध गर्दछौं । साथै शान्तिपूर्ण बिरोध प्रदर्शन गर्न पाउने जनताको लोकतान्त्रिक अधिकारको प्रत्याभूतीको निम्ति हामी सरकारसंग जोडदार माग गर्दछौं ।

## गुठी विधेयक...

सयौं वर्षदेखि चल्दै आएका जात्रा र चाडपर्व मासिन्छन् र यसले काठमाडौं सभ्यताको नै विनाश हुन सक्छ । काठमाडौंको संस्कृति, सम्पदा र जात्रापर्वसँग गुठीको सम्बन्ध छ । विधेयक जस्ताको तस्तै पारित भए काठमाडौंका मठ-मन्दिरमा हुँदै आएको पूजाआजा र रितिथिति बिथोलिन्छ र नरदेवी मन्दिर हालत हुन्छ । सरकारले काठमाडौंबाहिर मोही किसानको हकहित संरक्षण गर्न गुठी विधेयक ल्याएको भनेर आफ्नो बचाउ गर्दै आएको थियो । सरकारको उक्त दाबी गलत रहेको र यो विधेयकले किसानको पनि हित संरक्षण गर्दैन भन्ने आम गुठियारको भनाइ छ ।

माइतीघर मण्डलामा भेला भएका प्रदर्शनकारीहरुलाई सम्बोधन गर्दै विभिन्न वक्ताहरुले गृहमन्त्री रामबहादुर थापा, सञ्चार सूचना तथा प्रविधि मन्त्री गोकुल बास्कोटा र भूमिसुधार मन्त्री पद्मा अर्यालको राजीनामाको माग गरेका थिए ।

## अमेरिकी...

साझेदारी यो रणनीति चीनलाई घेराबन्दी गर्न ल्याइएको रणनीति हो ।

एसिया प्रशान्त भनिने यस क्षत्रको नाम अकारण हिन्द प्रशान्त क्षेत्र राखेको होइन । यसमा भारतलाई फकाएर चीन विरोधी मोर्चामा उभ्याउने सोचले काम गरेको छ । अमेरिका, जापान, अष्ट्रेलिया र भारत सम्मिलित चतुष्कोणीय गठबन्धन (क्वाड) बनाउने पहल २१ औं शताब्दीको प्रारम्भमै भएको थियो । तर अष्ट्रेलियाले यसबाट सुरुमै हात झिक्यो भने भारतको रणनीतिक स्वायत्तताले गठबन्धन बन्न सकेन । पछिल्लो समय दोक्लाममा भएको चीनसँगको सैन्य आम्ने साम्नेको अवस्था र चीनसँगको पुरानो शत्रुताले चीनविरुद्ध उपयोग गर्ने अवस्थामा भारत पुग्यो । तर चिनियाँ राष्ट्रपति सि जिन पिङसँगको उहान शिखरवार्ता र रुससँगको भारतको पुरानो मित्रता र राष्ट्रपति ट्रम्पको अस्थिर विदेश नीतिका कारण भारत सम्हालियो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सिंगापुरको सांग्रिला डायलगमा दिएको भाषणमा स्वतन्त्र र खुला हिन्द प्रशान्त क्षेत्रको प्रस्तावको स्थानमा स्वतन्त्र र खुला र समावेशी हिन्द प्रशान्तको कुरा गरे । कवाड होस वा एसिया प्रशान्त रणनीत कुनै पनि कसै विरुद्ध केन्द्रित हुनुहुन्न र यस भूगोलमा अवस्थित सबै राष्ट्रको पहलकदमीमा यो बन्नुपर्छ भने । तर चीन आफनो महत्वाकांक्षी लिएर मैदानमा उत्रिएपछि ऊसँग चीन सशंकित छ । अझ बीआरआई अन्तर्गत चीन पाकिस्तान आर्थिक कोरिडर (सिपेक) परियोजना र भारतको दाबी रहेको पाकिस्तान अधिनस्थ आजाद कास्मिर भएर बनेको त्यस मार्गका कारण पनि भारत असन्तुष्ट छ ।

भरत लुक इस्ट नीति र त्यस अन्तर्गत सार्कलाई निस्तेज पार्दै विम्स्केट केन्द्रित पहलकदमीको पनि आफ्नै भूमिकामा छ । लुक इस्ट नीति सन् १९९२ मा तत्कालीन भारतीय प्रधानमन्त्री पिभी नरसिंह रावले अघि सारेका थिए । भारतीय जनता पार्टीका नेता अटलविहारी बाजपेयी प्रधानमन्त्री भएपछि पनि उनले यही नीति अनुशरण गरे । नरेन्द्र मोदी पनि यही नीतिलाई कार्यान्वयन गरिरहेका छन् । यही नीति अन्तर्गत मोदी सरकारले अमेरिकासँग सैनिक सम्झौता गरेर अमेरिकी सैनिकलाई भारतमा अड्डा जमाउन स्वीकृति दिएको छ । रणनीतिक महत्वको अण्डमान एन्ड टेकरावार टापुमा ऊर्जा उत्पादन गर्न जापानलाई अनुमोदन गरेको छ । यी कार्यहरु चीन विरोधी अभियानका श्रृंखला हुन् । चीनविरुद्ध रणनीतिक रुपमा अमेरिका र जापानसँग भारतले साझेदारी गरेको छ ।

भुटानबाहेक दक्षिण एसियाका सबै मुलुक बीआरआईमा सामेल भएको र स्वयं भारतलाई पनि यसमा सामेल हुन चीनको तारन्तारको आग्रहको पनि उत्तिकै दबाब छ । यति हुँदाहुँदै पनि भारतको सांघाइ सहयोग संगठनको सदस्यता, रुस, चीन र भारत (आरआईसी) का विदेशमन्त्रीहरुको बैठकको नियमितता, कवाडलाई नेटोको एसियाली संस्करण ठान्ने भारतको आशंकाका कारण ऊ अमेरिकासँग पूर्ण वचनबद्ध भएर आफ्नो स्वतन्त्र पहलकदमी र रणनीतिक स्वायत्तता गुमाउन तयार देखिँदैन । त्यसमाथि ट्रम्प प्रशासनले भारतलाई अमेरिकी बजारमा प्रवेश पाएको भारतीय वस्तुमाथि दिइआएको प्राथमिकतापूर्ण छुटलाई हटाएका कारण पनि परिस्थिति बिग्रिएको छ । नेपालले सावधानीपूर्वक पाइला चालेर अमेरिकी हिन्द प्रशान्त चालबाट बच्न सकेन भने चीनसँगको कूटनीतिक सम्बन्धमा दरार आउने निश्चित छ ।

संविधानको धारा ३ ले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाभिमान, नेपालको हकहितको रक्षा, सिमानाको सुरक्षा आर्थिक समुन्नति र समृद्धि नै राष्ट्रिय हितका आधारभूत विषय हुनेछ भनी किटान गरेको छ । संविधानले यसका लागि निर्देशक सिद्धान्त र नीति नै सुझाएको छ । धारा ५१.३१ म नेपालले अपनाउनुपर्ने विदेश नीतिका सवालमा संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र नीति सञ्चालन गर्ने भनेको छ । संवैधानिक यस्तो व्यवस्थाको आलोकमा नेपालको राष्ट्रिय हित सम्बर्द्धन गर्न, उपयुक्त विदेश नीति निर्धारण र सञ्चालन गर्ने आधिकारिक राजनीतिक निकाय मन्त्रिपरिषद् र प्रशासनिक निकाय परराष्ट्र मन्त्रालय हो । नेपाल अमेरिकाद्वारा अघि सारिएको हिन्द प्रशान्त रणनीतिको हिस्सा बन्नुपर्छ भनेर पहल गर्न जापानी विदेशमन्त्री काठमाडौंसम्म आएको अवस्था छ । विदेश नीतिका विषयमा राष्ट्रिय सहमति निर्माण गर्न आवश्यक छ । राष्ट्र प्रमुख र सरकार प्रमुखको अनुत्पादक विदेश भ्रमणलाई हेर्दा परराष्ट्र मन्त्रालयको नीति विश्लेषण महाशाखा पत्रु भएको पुष्टि हुन्छ । क्षेत्रीय र विश्व परिदृश्यसँग तालमेल गर्न सक्ने नीति परराष्ट्रले तय गर्न सकेको भए नेपाल हिन्द प्रशान्त अमेरिकी रणनीतिमा जेलिएर विवादमा आउने थिएन । १ सेप्तेम्बर २०१७ मा नेपालको अमेरिकासँग सम्पन्न मिलेनियम च्यालेन्ज कर्पोरेशनमार्फत पाँच सय मिलियन डलरको सहायता राशि नै हिन्द प्रशान्त रणनीतिमा नेपालको हिस्सेदारीको प्रस्थान बिन्दु थियो ।

इन्डो प्यासिफिक क्षेत्रमा संसारकै ठूलो सैनिक शक्ति भएका १०मध्ये ७ यही क्षेत्रमा छन् । तीमध्ये ६ मुलुक त आणविक शक्ति नै हुन । त्यही कारण अमेरिकाले यस क्षेत्रमा आफ्नो सहकार्य एवं पक्षधर मुलुक खडा गरिरहेको छ । यस क्षेत्रमा पर्ने सुरक्षा खतराका लागि भन्दै अमेरिकाले दुई हजारभन्दा बढी लडाकु विमान र जल सैन्यका साथै ठूलो संख्यामा पानीजहाज तयारी अवस्थामा राखेको छ । केही समयअघि यसका कमान्डर फिलिप एस डेभिसन नेपाल आएर राजनीतिक एवं सैन्य मामिलामा छलफल गरेका थिए ।

## वैदेशिक...

वैदेशिक रोजगारले नेपाली समाजमा केही आर्थिक परिवर्तन ल्याए पनि सामाजिक पारिवारिक विग्रह ल्याउने र युवाहरुलाई पीडादायी मृत्युको मुखमा पुर्‍याउने काम गरिरहेको छ । गाउँघरमा युवाको अभावले विकास निर्माण प्रभावित बनेको छ । सबैभन्दा ठूलो प्रभाव कृषि क्षेत्रमा देखिएको छ । जमिन बाँझो रहने क्रम वृद्धि भएको छ । सरकारले अब युवालाई स्वदेशमै गरिखाने वातावरण सिर्जना गर्न आवश्यक छ ।